पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ९ | २०७० असोज ४ गते शुक्रबार (Sept. 20, 2013) | मूल्य रू. १०/-

## एमालेले युथफोर्स ब्यूँतायो

काठमाडौं । संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा नेकपा एमालेले पाँच वर्षदेखि निष्क्रिय भएको युथफोर्स पुनर्गठन गरेको छ । युवा संघको हालै चितवनमा सम्पन्न भएको दुई दिने बैठकले पार्टीका शीर्ष नेताहरूको निर्देशनमा युथफोर्स पुनर्गठन गरेको हो । युवासंघको समानान्तर कमिटीको रूपमा रहेको युथफोर्समा दुवैतर्फका सदस्यहरू संगठनमा आवद्ध छन् ।

केही समय पहिला एमाओवादीले पनि बाईसिएललाई पुनर्गठन गरेको थियो । नेपाली कांग्रेस र नेकपा एमालेले एमाओवादीको भातृ संगठन वाइसीएलको व्यापक बिरोध गरेपछि प्रायः निष्क्रिय रहेको वाइसीएललाई उत्पादन विग्रेडको नाम दिएर पुनर्गठन गरीएकोमा नेकपा एमालेले त्यस्को व्यापक विरोध गरेपनि उसले वाइसीएल जस्तै युथफोर्स (बाँकी अन्तिम पेजमा)

# खिलराज न्यायमूर्ति कि अन्यायमूर्ति ?

काठमाडौँ । निर्वाचनको राजनीतिक सहमती विथोल्न मन्त्रिपरिषद् अध्यक्ष खिलराज र `ग्मी प्रमुख बाधककारूपमा तेर्सिन पुगेका छन् । निर्वाचन सम्पन्न गराउने प्रमुख एजेण्डा लिएर सर्वोच्च अदालतका न्यायमूर्तिबाट सिंहदरवारको शासक बन पुगेका खिलराज रेग्मी सर्वग्राह्य सहमतिमा चुनाव हुन नसक्ने कारण बनेपछि प्रश्न उठेको छ- खिलराज न्यायमूर्ति कि अन्यायमूर्ति ?



गएको जेठ १४ पछि अन्तरिम संविधानको पक्षघात भइसकेको छ । पक्षघातले अचेत संविधानलाई बाधा अड्काउ फुकाउको माध्यम बनाएर मंसिर ४ मै निर्वाचन गराउन कस्सिएका अध्यक्ष खिलराज रेग्मीलाई कसले रन्कायो र असन्तुष्ट वैद्य सहितका ३३ दलले राखेका सामान्य दुइ मागलाई पनि संवोधन गर्न तयार भएनन् र मुलुकलाई बन्दक, हिंसा र रक्तपाततिर लैजान लागे भन्ने विषय गम्भीर बनेको छ । असन्तुष्ट चुनावमा सहभागी भएनन् र खिलराजको सुरक्षाघेरा र चुनाव हुन नदिने पक्षबीच हिंसा भएर एक थोपामात्र रगत बग्यो भने त्यस्को सम्पूर्ण दोष खिलराजले बोक्नुपर्ने छ । खिलराज देशद्रोही, शान्ति र संविधान विरोधीका रूपमा कलंकित हुनेछन् ।

असन्तुष्ट ३२ दलले भनेका छन्, निर्वाचनको मिति केही समय सार्, प्रधानन्यायाधीशबाट सरकार प्रमुखले र ाजीनामा गर । चुनाव गराउन सरकार प्रमुख बनेका खिलराज न्यायमूर्ति समेत हुन् । उनलाई इतिहास पुरूष बन्ने अवसर छ । तर उनी प्रधानन्यायाधीशबाट राजीनामा गर्न तयार छैनन् । उनले राजीनामा गर्दा सबै राजनीतिक शक्तिहरू चुनावमा सहभागी हुनेछन्, सिरान हालेर सुत्न सकिने गीता

(बाँकी अन्तिम पेजमा)

## राजदूतहरूलाई चुनाव लाग्यो

काठमाडौं । बेलायती राजदूतले चुनाव मंसिर ४ मै गर् भनने निर्देशन दिएका छन् । तनहुँ पुगेर असोज १ गते जर्मनी राजदूतले भने, बन्द, हड्ताल गर्नेलाई भोट नदिनु । ४ महिना अघि भारतका विदेशमन्त्री र गत शनिवार विदेश सचिव सुजाथा सिंह नेपाल आएर भनिन्, मंसिर ४ मा चुनाव गर्, जस्तोसुकै सहयोग दिन भारत तयार छ । यस अघि नै नेपालका पूर्वदेखि सुदरपश्चिम पुगेर अमेरिकी राजदूत पिटर डब्लु बोडेले मंसिर ४ मा चुनाव हुनुपर्छ भन्ने प्रचार गरिरहेका छन् । युरोपियन युनियनले नेकपा-माओवादीको बन्दको विरोध गर्दै चुनाव हुनुपर्छ भन्ने धारणा अघि सारेको छ । नेपालका राजनीतिक दलहरूले अझै चुनाव हुन्छ भन्ने प्रत्याभूत गर्न सकेका छैनन् । यद्यपि मंसिर ४ मा निर्वाचन गर्न (बाँकी अन्तिम पेजमा)

## दाहाल कुर्लिए : दुइतिहाई देऊ, अधिकार लेऊ

**अभियान संवाददाता**

काठमाडौँ । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टीलाई दुइतिहाइ बहुमत दिएर जनतालाई आफ्नो अधिकार लिन आग्रह गरेका छन् । दाहालको उक्त कुरा गत शनिवार रौतहटको २ नं. क्षेत्रमा पार्ने राजपुर फरहदवामा पुगेर त्यस्तो अभिव्याक्ति दिएका थिए । त्यहाँ दाहालले अन्यपार्टीबाट एमाओवादीमा प्रवेश गरेका कार्यकर्ताहरू माझ भने मधेसी जनतालाई अधिकार सम्पन्न बनाउने कुरा सबै भन्दा पहिला एमाओवादीले नै उठाएको दावी गर्दै एमाओवादीलाई दुइतिहाइ बहुमत दिएमात्र नेपाली जनताले मुक्ति पाउने उद्घोष गरे ।

तराईको पहिरन कुर्तापाइजामा र टाउको गम्छामा सजिएका दाहालले हिन्दीमा भाषण गर्दै भने एउटा दललाई स्पष्ट बहुमत दिएर शक्तिशाली र स्थीर सरकार गठन



भएमा मात्र सबै समस्याहरूको समाधान हुने र आफ्नो पार्टीले दुइतिहाई मत पाएको खण्डमा मात्र स्थिर सरकार बन्ने भएको हुनाले अफ्नो पार्टीलाई दुइतिहाइै बहुमत दिन पटक पटक आग्रह गरेका थिए । परिवर्तन, प्रगती, पहिचान, संघीयता र विशेषाधिकारको पक्ष तथा नेपालको छुट्टै पहिचान खडा गर्न एमाओवादी मात्र सक्षम रहेको भन्दै अन्य दलहरूले नेपालको समस्या समाधान गर्न नसक्ने ठोकुवा समेत गरेका थिए ।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल नेपाली जनताबीच ढटुवा नेताको रूपमा चिनीएका नेता हुन् । दाहालको नेतृत्वमा बनेको ९ महिने सरकारले नेपाली जनताबीच रहेको सद्भावलाई बिगार्ने र जनता जनताबीच मारकाटको अवस्था त्यसैबेला सृजना गरको थिए । आफूलाई

(बाँकी अन्तिम पेजमा)

## मंसिर ४ मै निर्वाचन गराउन भारतीय दबाब

**अभियान संवाददाता**

काठमााडौं । हाम्रा राजनीतिक दलहरू विदेशीहरूको इसारामा चलेको आरोप लागिरहेको बेला त्यसबाट मुक्ति पाउनुका सट्टा राजनीतिक दलका नेताहरूले नेपालको आवश्यकता र चाहाना विपरित अन्तर्राष्ट्रिय जगतले पनि अहिले मंसिर ४ मै निर्वाचन चाहेको छ भन्ने अभिव्यक्ति दिनुले पनि दलहरू विदेशी प्रभुहरूकै इशारामा चलेको प्रमाणित हुँदै गएको छ ।

संविधानसभाको दोस्रो निर्वाचन मंसिर ४ मा हुने कि सर्ने भन्ने विवाद उत्पन्न भइरहेको बेला दक्षिणी छिमेकी मुलुक भारतले भने तोकिएको समय अर्थात् मंसिर ४ मै निर्वाचन गराउन दलहरू र खिलराज रेग्मी सरकारलाई दबाब दिइरहेको छ । नेकपा-माओवादीले मंसिर



४ को निर्वाचन चैत्रसम्म सार्न आग्रह गरिरहेको बेला भारतीय विदेश सचिव सुजाथा सिंहले चार दलका शीर्ष (बाँकी अन्तिम पेजमा)

## निर्वाचनको जिम्मा सेनालाई

काठमाडौं । असोज १ गते बसेको सुरक्षा परिषद्को बैठकले (प्रम, गृहमन्त्री, सेना, प्रहरी, अनुसन्धान) निर्वाचनको अन्तिम सुरक्षाको जिम्मा नेपाली सेनालाई दिने निर्णय गरेको छ । निर्वाचन आयुक्त, मन्त्रिपरिषद् अध्यक्ष र सेनाध्यक्षको बैठकपछि सुरक्षापरिषद्को बैठकले सेनालाई सुरक्षाको जिम्मा दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को निर्यणपछि सेनाले पत्र पाउने छ र स्रोतका अनुसार ६० हजार सैनिक निर्वाचनमा परिचालन हुनेछन् ।

नेकपा-माओवादी निर्वाचनमा आउने नआउने निश्चित नभएको र सहमतिको वार्ता भाँडिनासाथ खिलराज रेग्मीले सिन्डिकेटको आग्रहमा सुरक्षापरिषद्को बैठक डाकेर सेना परिचालनको निर्णय लिएका थिए । नेकपा-माओवादीले (बाँकी अन्तिम पेजमा)

## ज्यानमारा पनि एमाओवादीका उम्मेदवार



काठमाडौं । सर्वोच्च अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका एमाओवादीका पूर्वसभासद बालकृष्ण ढुंगेललाई एमाओवादीले उनको गृह जिल्ला ओखलढुंगा क्षेत्र नं.२ बाट प्रत्यक्षतर्फको उम्मेदवार घोषणा गरेपछि सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी आफैं संकटमा परेका छन् ।

झण्डै दुई वर्ष अगाडि हालका मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीकै संयुक्त इजलासबाट ढुंगेललाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका थिए । तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले ढुंगेलको सजायलाई माफी गर्न मन्त्रिपरिषद्बाटै निर्णय गराएर राष्ट्रपतिकहाँ सिफारिस गरेपनि व्यापक जनदवाबपछि राष्ट्रपतिले उक्त सिफारिस (बाँकी अन्तिम पेजमा)

## बन्दको नाममा अतिवाद प्रदर्शन

काठमाडौँ । नेकपा-माओवादी सहितका ३३ दलले चारदलिय सिन्डिकेट र खिलराज रेग्मी नेतृत्वको सरकारसँग आफ्ना मागहरू पुरा गराउन मुलुकभरमै अलग अलग दिन बन्द हड्तालको आयोजना गरिरहेका छन् । नेकपा-माओवादी सहितका अन्य ३३ दलले आयोजना गरेको बन्द हड्तालमा अन्य क्षेत्रमा नदेखिएको अमानवीय व्यवहार गत आइतवार धुलिखेलमा देखिएको छ । ताम्सलिङ्ग बन्दको आयोजना गरेको ३३ दलिय मोर्चाका कार्यकर्ताहरूले गत आइतवार काठमाडौँबाट यात्रु बोकेर मेलम्ची तफै जाँदै गरेको बा २ ख ५६७२ नम्बरको वसलाई धुलिखेर स्थित मिरावेल चोकमा बसेका बन्दकर्ताहरूले आगो लागाई दिएका थिए । आगो लगाउन थालेपछि बसबाट हामफालेर यात्रुहरू भागेका थिए भने बस भने जलेर नष्ट भएको छ ।



बन्दकर्ताले बसमा पेट्रोल छरेर आगो लगाईदिएको यात्रुहरूको भनाइ रहेको छ । बन्दकर्ताहरूले बसमा आगो लगाउँदा ढुँगा समेत हानेका थिए । उक्त बसमा २० देखि ३० जना सम्म यात्रुहरूले यात्रा गरिरहेको अनुमान प्रत्यक्षदर्शीहरूले गरेका छन् । बसका सहचालक मंगलले लाइसेन्स बनाउन घरबाट ल्याएको ३० हजार रूँपैया समेत जलेर नष्ट भएको बताउँदै आफूले अहिल सम्म यस्तो अमानविय व्यवहार कहिल्यै नदेखेको बताउँदै आफ्नो ३० हजार रूपैया जलेकोमा चिन्ता प्रकट गरेका थिए । बसमा लागेको आगो धुलिखेल नगरपालिका, प्रहरी र स्थानीय युवाहरूको सहयोगमा नियन्त्रणमा लिएपनि बस भने पुरै नष्ट भएको छ ।

नेकपा-माओवादी सहितका ३३ दलिय मोर्चाले १० जिल्लालाई समेटेर गत आइतवार ताम्सालिङ्ग क्षेत्र बन्दको आयोजना गरेका थिए । मोर्चाले बन्द सफल बनाउन निकै ठूलो सङ्ख्यामा (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# सहमतीको बाधक नै रेग्मी ?

लोकतन्त्रमा सबै पक्ष र वर्गका नागरीकहरुले आफ्ना मागहरु पूरा गराउन शान्तिपूर्ण रुपमा सरकारलाई दवाव दिन पाउनु नागरीकको नैसर्गीक अधिकार स्वीकार गरीएको हुन्छ । नागरीकले सरकारले आफ्ना मागहरु सम्बोधन गरीदिएन भने आफ्नो हक अधिकारको लागि शान्तिपूर्ण रुपमा सरकारलाई दवाव दिन पाउने नागरीकको हक अधिकारलाई कसैले खोस्न सक्दैन । लोकतन्त्रको असली सौन्दर्य भनेको पनि त्यही हो । पछिल्लो समयमा हाम्रा राजनीतिक दलहरुले जनताका समस्याहरुलाई दलगत स्वार्थलाई हेरेर दलगत स्वार्थ पूरा गर्न तर्फ आफ्नो ध्यान बढाएका हुनाले अहिले नेपाली जनता समस्यै समस्यामा बाँच्न बाध्य पारिएका छन् ।

मुलुक कुनै एकदल र एक ब्यक्तिको मात्र पेवा होइन त्यसैले मुलुकका सम्पूर्ण नेपाली नागरीकहरुको उत्तिकै समान अधिकार हुनु पर्दछ । कुनै एउटा पक्षले जबरजस्ती रुपमा आफ्ना कुराहरु सबै नागरीकहरुमा लाद्न खोजेको खण्डमा त्यस्ले समाजमा विग्रहको अवस्था सृजना गर्न सक्छ । अहिले त्यस्तै भएको छ । मुलुकका ठूला दल भनिएका एमाओवादी, कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरुको मोर्चाले अन्य सबै दलहरुको वेवास्ता गर्दै पहिला चारदल मिलेर एउटा निर्णय गर्ने अनि त्यो निर्णयलाई अन्य सबै दलहरुले स्वीकार गर्ने पर्दछ भन्दै अन्यदलहरुलाई आफ्नो निर्णय स्वीकार गर्न लगाउने प्रवृत्तिको अन्त्य नभएसम्म मुलुकका समस्याहरु सामाधान हुन सक्ने अवस्था छैन । यीनै चारदलले गत फागुन ३० गते ११ बुंदे राजनैतिक सहमती गरेर त्यही सहमतीका आधारमा चैत्र १ गते संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ लाई प्रयोग गरेर संविधानका विभिन्न २५ वटा प्रावधानहरु संसोधन गर्दै सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायधिश खिलराज रेग्मीलाई काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाइनु नै चारदलको महाभूल थियो । पछिल्लो पटक राष्ट्रपति डा रामबरण यादवले दलहरुबीच देखिएको समस्याहरु समाधान गर्नै केही प्रयास गरेको जस्तो देखिएपनि उनले गत चैत्र १ गते नै त्यस्तो प्रयास गरेका भए मुलुकले पहिला नै निकास पाउन सक्ने अवस्था थियो । राष्ट्रपतिले पनि फागुन चैतमा चारदलको मात्र भएको जस्तो ब्यवहार देखाएका हुनाले मुलुकले निकास पाउन नसक्नुको पछाडी दलहरुको मात्र नभएर राष्ट्रपतिको पनि असफलता नै हो ।

नेपालको आन्तरीम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक भनि स्वीकार गरेको छ । के राष्ट्रपतिले संविधानको पालक र संरक्षकको भूमिका निभाउन सकेका छन् त ? अहिले यो विषयमा प्रश्न उठ्न सक्ने प्रशस्त ठाउँ देखिएको छ । चार दलले मात्र सहमति गरेर उनीहरुले गरेका ११ बुंदे राजनीतिक सहमति र २५ बुंदे बाधा अड्काउन फुकाउ आदेश राष्ट्रपतिकहाँ पुर्‍याइएका बेला हत्या गरिएको संविधानसभाका ९२ जना सभासद्हरु रहेको नेकपा–माओवादीलाई किन एक शब्दसम्म सोधिएन । उनीहरुको सहमति लिने प्रयास किन राष्ट्रपति महोदयले गरेनन् ? के यो राष्ट्रपति महोदयको असफलता होइन र ? यदि कुनैवेला राष्ट्रपतिले संविधानको पालक र संरक्षक भएको नाताले सबै पक्ष वा सबै दलहरुसँग वार्ताको पहल गर्न चारदललाई आग्रह गरेका भए, त्यसैबेला निष्कर्ष निस्कीन सक्दथ्यो । यदि दलहरुले निष्कर्ष निकाल्न नसकेको अवस्थामा राष्ट्रपतिले अभिभावकको भूमिका निभाउन सक्थे तर उनले त्यसो गर्न चाहेनन् आखिरी किन ?

एमाओवादी, नेपाली कांग्रेस र नेकपा एमाले सहित मधेसी मोर्चाको सहमतीमा संविधान नै संसोधन गरेर मन्त्रिपरिषद्को अध्यक्ष बनाइएका सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिन इन्कार गरेका छन् । चारदलका उच्च नेताहरुलाई रेग्मीले आफूले प्रधानन्यायाधिशबाट राजीनामा दिनुपर्ने अवस्था आएमा सरकारको नेतृत्व छाड्न आफू तयार रहेको तर प्रधानन्यायाधिशबाट राजीनामा नदिने अडान लिएका हुनाले यतीबेला चादलिय सिन्डिकेट आफैँ संकटमा परेको छ । नेकपा–माओवादी सहितका ३३ दलले खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएको खण्डमा आफूहरु निर्वाचनमा जान तयार रहेको उद्घोष गरिसकेका बेला रेग्मीले राजीनामा नदिने अडान राख्नु एक ब्यक्तिको हठका कारण मुलुकले निकास नपाउनु नै हो । नेकपा–माओवादी सहितका अन्य ३३ दललाई बाहिर राखेर जसरी भएपनि मंसिर ४ गते नै निर्वाचन गराएर देखाइदिन्छु भन्ने रेग्मीको भनाई अतिवादी सोचबाहेक केही हुन सक्दैन । रेग्मीले एकातिर दलहरुलाई निर्वाचनको वातावरण बनाउन आग्रह गर्ने अनि भीत्र भीत्रै सुरक्षा निकायका प्रमुखहरुलाई भेटेर जसरी भएपनि निर्वाचन गराउने र सुरक्षा प्रदान गर्ने तयारी अवस्थामा रहन निर्देशन दिनुले प्रमाणीत हुन्छ, रेग्मी सबै दललाई लिएर निर्वाचन गराउन चाहँदैनन् ।

सार्थक परिणामको लागि निर्वाचन अनिवार्य भए पनि संविधानसभाको निर्वाचनलाई संसदको निर्वाचन जस्तो सम्झीएर निर्वाचन गराउन खोजे वा गराई त्यो निर्वाचनले सार्थक परिणाम दिन नसक्ने र ठूलो संख्यामा रहेका दलहरुलाई वाहिर राखेर संविधान निमार्ण गर्ने प्रयास गरीए त्यसरी वनाइएको संविधान पनि सम्पूर्ण नेपाली जनताले स्वीकार गर्न नसक्ने भएको हुनाले त्यो संविधानले मुलुकको समस्या समाधान गर्न नसक्ने देखिएकोले सवै दलको सहभागीतामा निर्वाचन हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

# किन धम्क्याए रेग्मीले शीर्ष नेताहरूलाई

■ देवेन्द्र चुडाल

गत फागुन ३० गते कथित् ठूला भनिएका चार राजनैतिक दल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाले ११ बुँदे राजनैतिक सहमती गरी त्यही सहमतीको आधारमा चैत्र १ गते संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरेर अन्तरीम संविधान नै संसोधन गर्दै सर्वोच्च अदालतका वाहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीलाई प्रधानन्यायाधिशमै कायम राखेर काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निणर्य नै मुलुकको लागि प्रमुख वाधक बन्यो । हत्या गरिएको संविधानसभामा उपस्थित भएका ३३ सै दललाई त्यसैबेला सहमतीमा लिने प्रयास कथित ठूला भनिएका दलहरूले गरेका भए मुलुकले अहिले सम्ममा निकास पाइसक्ने थियो । तर एकिकृत नेकपा माओवादीबाट विभाजित भएर नेकपा–माओवादी गठन भएको हुनाले नेकपा–माओवादीलाई पाखा लगाउनै को लागि उसलाई राजनैतिक पार्टीको हैसीयतसम्म दिइएन । अरू त अरू राष्ट्रपति डा रामबरण यादवले समेत नेकपा–माओवादीलाई उपेक्षा गर्दै नेकपा–माओवादीका अध्यक्ष लगायत अन्य नेताहरूलाई भेट्न सम्म अस्वीकार गरी राष्ट्रिपति चारदलको मात्र राष्ट्रपति बन्न खोजेको हुनाले अहिलेको समस्या जन्माउने राष्ट्रपति पनि हुन् । एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा–माओवादीले तत्कालीन संविधानसभामा रहेका ९२ जना सभासदहरूको संलग्नता रहेको जानकारी राष्ट्रपतिलाई जनाउ गर्न जाँदा उनीहरूलाई भेट्न अस्वीकार गर्नुले स्वयम राष्ट्रपतिले संविधानको पालना र संरक्षण गर्न नसकेको प्रमाणित हुन्छ । नेपालको अन्तरीम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा राष्ट्रपतिले कति भुमिका निभाए । अब स्वयं राष्ट्रपतिले त्यस्को समिक्षा गर्नु पर्ने अवस्था आएको छ ।

नेपालमा अन्तरीम संविधान लागु भएको सात वर्ष नवित्दै अन्तरीम संविधान पहिला नै १२ पटक संसदबाट संसोधन भइसकेको छ । पछिल्लो पटक २०६९ चैत्र १ गते संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरेर चारदलको मात्र सहमतीमा राष्ट्रपतिले संविधानका २५ वटा प्रावाधानहरू संसोधन गरीएको आदेश जारी गरे । त्यसबेला जारी भएको आदेशमा आउँदो संविधानसभामा सदस्यहरूको संख्या ४ सय ९१ राख्ने व्यवस्था गरीएकोमा विभिन्न वाहानाबाजी र नाटक मञ्चन गर्दै फेरी २०७० असोज १ गते मन्त्रिपरिषद्को सिफारीसमा राष्ट्रपतिले पहिला आफैले जारी गरेको आदेश विरूद्ध आउँदो संविधानसभाको सदस्य संख्या ६०१ राख्ने आदेश जारी गरेका छन् । यसरी सात वर्ष भित्रमा अन्तरीम संविधान संसदबाट १२ पटक र चारदलको सहमतीमा मात्र राष्ट्रपतिबाट २ पटक संसोधन गरीनुले नेपालका राजनैतिक दलहरू जनताप्रति कति उत्तरदायी रहेछन् भनि प्रष्ट भएको छ । कथित ठूला भनिएका दलहरूका शिर्ष नेताहरूले पहिला संविधानसभामा सदस्याहरूको संख्या ज्यादै ठूलो भएको र जनताबाट व्यापक आलोचना भएको हुनाले त्यो संख्या घटाउने प्रतिवद्धता जनाएका भएपनि फेरी जनतालाई ६०१ नै भारी बोकाउने आदेश जारी गराएका छन् । नेपाल जस्तो गरीब र आर्थिक अवस्था संकटपूर्ण अवस्थामा रहेको मुलुकमा सभासद्हरूको संख्या ६०१ ज्यादै बढी भएको भन्दै विभिन्न दातृ निकायहरूले समेत संख्या घटाउन दवाव दिएको भएपनि कथित ठूला भनिएका दलहरूले ढोकाबाट प्रवेश नगरी कनै झ्यालबाट घर भीत्र प्रवेश गरेर वार्ताको नाटक मञ्चन गर्दै सभासदहरूको संख्या ६०१ नै बनाउनु भनेको मुलुकलाई कंगाल बनाउनु र भ्रष्टचारलाई बढुवा दिनु बाहेक केही होइन । मुलुक अहिले संकटको घेराभित्र परेको छ । मुलुकलाई संकटमा पार्ने कार्यमा राष्ट्रपति र चारदल नै प्रमुख जिम्मेवार रहेका छन् ।

समावेशीको नाममा मुलुकलाई टाट पल्टाउने कार्यमा चारदल सकृय भएका छन् । नेपाली जनताले पहिलो संविधानसभाको निर्वाचनमा दुईवर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका प्रतिनिधिहरूले पटक/पटक समय सीमा थपेर चार वर्षसम्म संविधानसभाको पदावधि थपेपनि उनीहरू संविधान निर्माण गर्न असफल असक्षम भए । चार वर्षसम्ममा ६०१ जनाले खाएको तलव भत्ता लगायतका अन्य सुविधाहरू वालुवामा पानी हाले सरह भयो । आफूहरूलाई तोकिएको काम गर्न नसक्ने व्याक्तिहरूले राज्यकोषबाट तलव भत्ता लगायत अन्य सुविधा खान मिल्छ कि मिल्दैन ? एक किसिमले त्यो राज्यकोष माथीको ब्रह्मलुट नै थियो । पछिल्लो समयमा उद्योगी व्यवसायीहरूले 'नो ओर्क, नो पे' को सिद्धान्त लागु हुनुपर्ने माग गरी रहेका छन् । त्यो माग संविधानसभाका सदस्याहरूलाई किन लागु नहुने ? ६०१ जनाको जम्बो संख्यामा रहेको संविधानसभाले संविधान निर्माण गर्न सक्छ भन्ने ग्यारेण्टी के ? यदी सक्छ भनेर कसैले भन्दछ भने पहिला चारवर्ष सम्ममा किन सकिएन ? चारदल र रेग्मी नेतृत्वको सरकार अहिले जसरी भएपनि मंसिर ४ मै निर्वाचन गराउन ज्यानै छोडेर लागेको भएपनि सहज वातावरणमा निर्वाचन हुन सक्ने अवस्था छैन । नेकपा–माओवादीसहितका अन्य ३३ दलले निर्वाचन भाड्ने र विथोल्ने अनि सकृयरूपमा वहिष्कार गर्ने, उम्मेरद्वारहरूलाई अपहरण गर्ने जस्ता धम्की दिइरहेको अवस्थामा कसरी निष्पक्ष र धाँधली रहित निर्वाचन सम्पन्न हुनसक्छ ? मंसिर ४ मा गर्ने भनिएको निर्वाचन संसदको निर्वाचन नभएर संविधान निर्माण गर्नका लागि गरीने निर्वाचन भएको हुनाले यो निर्वाचनमा सबै दलको सहभागीता अनिवार्य सर्त हो त्यस्मा पनि हिजो संविधानसभामा उपस्थित भएका दलहरूको उपस्थिती त अझ आवश्यक हुन्छ । हत्या गरीएको संविधानसभाले कतिपय निर्णयहरू गरेको र तिनै निर्णयहरूलाई आउँदो संविधानसभाले स्वीकार गर्नुपर्ने आवश्यकता भएको बेला हिजो निर्णयमा सहभागीता जनाउने दलहरूलाई बाहिर राखेर गरीने निर्वाचनले के सार्थक परिणाम दिन सक्छ ? निर्वाचन, निर्वाचनका लागि नभएर सार्थक परिणामका लागि हुनुपर्ने विश्वव्यापी मन्यतालाई उंलघन गर्दै पार्टीगत स्वार्थका लागि मात्र गरीने निर्वाचनले सार्थक परिणाम नदिने र त्यसले संविधान समेत निर्माण गर्न सक्ने कुनै सम्भावना नरहेको हुनाले असन्तुष्ट दलहरूलाई सहभागी गराएर मात्र निर्वाचन गराउनु सही रूपमा समस्याको सामाधान खोज्नु हो ।

साँचो अर्थमा नेपाली जनतालाई भन्ने हो भने राष्ट्रपति र चारदलले गरेको गल्तीको परिणाम आज नेपाली जनतालाई भोग्न वाध्य पारिएको छ । चारदलले पहिला आफूहरूले गरेका गल्तीहरू स्वीकार गर्दै फेरी त्यस्ता गल्तीहरू नदोहोर्‍याउने प्रतिवद्धता गर्दै सहिरूपमा समस्याको समाधान खोज्ने हो भने मुलुकले सहीरूपमै निकास पाउन सक्छ । फागुन ३० र चैत्र १ गते गरीएको ११ बुँदे राजनैतिक सहमति र २५ बुँदे बाधा अड्काउ फुकाउ आदेशलाई संसोधन गरी सर्वोच्च अदालतका वाहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीलाई न्यायालय प्रमुखबाट राजीनामा गराएको खण्डमा नेकपा–माओवादी सहितका अन्य असन्तुष्ट ३३ दलहरू निर्वाचनमा आउन सक्ने प्रवल सम्भावना भएपनि रेग्मीलाई प्रधानन्यायाधिशबाट राजीनामा नगराउन चारै दलले सहमती गर्नुको पछाडी के रहस्य लुकेको छ ? यदि सबै असन्तुष्ट दलहरूले आउँदो संविधानसभाको दोस्रो निर्वाचनमा भाग लिन सहमती जनाएको खण्डमा रेग्मीले एक मिनेट ढिलो नगरी प्रधानन्यायाधिशबाट राजीनामा गरेर मुलुकलाई निकास दिनु नै स्वयम् रेग्मीको र मुलुकको हितमा हुन्छ । कुनै एक व्याक्तिको हठका कारण मुलुकलाई अनिर्णयको बन्दी बनाइनु भनेको मुलुकलाई असफलता तर्फ उन्मुख गराउनु बाहेक अन्य केही हुन सक्दैन । लामो समयसम्म न्यायक्षेत्रमा रहेर काम गरी सकेका व्याक्ति रेग्मी अहिले मन्त्रिपरिषद्को अध्यक्ष र प्रधानन्याधिश दुबै पदमा आसीन रहेका र भोली उनलाई इतिहासले कलंकित पार्ने कार्यमा रेग्मी लाग्दैनन् भन्ने स्तम्भकारको तर्क रहेको छ । त्यसैले इतिहासमा आफ्नो नाम सुवर्ण अक्षरमा लेखनकै लागि पनि रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएको खण्डमा मुलुकले निकास पाउने र भयरहित वातावरणमा निर्वाचन हुन सक्ने भएको हुनाले रेग्मीले राजीनामा दिँदै दिन्न बरू मन्त्रिपरिषद्को अध्यक्षबाट राजीनामा दिन तयार छु भनेर चार दलिय सिन्डिकेटलाई एक प्रकारको चुनौती वा धम्की दिनुको पछाडी रेग्मीले चारदलको नाडी छामी सकेको र आफूले अध्यक्ष पदबाट राजीनामा दिएको खण्डमा फेरी दलको नेतृत्वमा सरकार बन्न नसक्ने आकलन नै हो ।

चारदलिय सिन्डिकेटलाई आजसम्म पनि निर्वाचन मंसिर ४ मै हुन्छ भन्ने विश्वास नभएकै कारण उनीहरूले निर्वाचन आयोगमै पुगेर फेरी मतदाता नामावली संकलन र प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेरद्वारहरूको मनोनयन दर्ता गर्ने समय अवधी बढाउन आयोगलाई आग्रह गरेका छन् । आयोगले झण्डै एक महिना अगाडि नै निर्वाचन सम्बन्धि कार्यतालिका प्रकाशित गरीसकेको अवस्थामा फेरी मतदाता नामावली र उम्मेरद्वार मनोनयनको समय सीमा बढाउन माग गर्नु भनेको मंसिर ४ मा निर्वाचन नगराउने मनसाय नै हो । अब निर्वाचनको मिति आउन करिब ६० दिन बाँकी रहेको अवस्थामा आयोगले प्रकाशित गरेको कार्यतालिका हेरफेर भएको खण्डमा मंसिर ४ मा किमार्थ निर्वाचन हुन सक्दैन । उम्मेरद्वार मनोनयनको समय सीमा बढाएको खण्डमा आयोगले उम्मेरद्वारहरूको निर्वाचन चिन्ह सम्म छपाउने सक्ने अवस्था छैन । संविधान पटक/पटक संसोधन गरेर दलहरूले मूल संविधानको ध्वज्जी मात्र उडाएका छैनन् संविधानको मर्म माथिनै प्रहार गरेका छन् । आदेश मार्फत संविधान संसोधन गरीएपनि त्यसले संवैधानिक हैसियत प्राप्त गर्न सक्दैन । आदेश मार्फत २/२ पटक संविधान संसोधन गरीएको र भोली आउने संसदले त्यसलाई अनुमोदन नगरेको खण्डमा अहिले गर्ने भनिएको संविधानसभाको निर्वाचन भएपनि त्यो संवैधानिक हिसाबले स्वत खारेजको भागेदारी हुनेछ, यदि त्यस्तो अवस्था आएमा त्यस्को दोष के चारदल र राष्ट्रपति बोक्न तयार छन् त ?

निर्वाचन आयोगको कार्यतालीका अनुसार असोज ७ गते समानुपातिक तर्फका उम्मेद्वारहरूको मनोनय दर्ता र असोज ११ गते समानुपातिकको बन्द सूची आयेगमा पेश गर्नु पर्ने हुन्छ । त्यसै गरी प्रत्यक्ष तर्फका उम्मेद्वारहरूले असोज १० गते उम्मेद्वारी दर्ता गराउनु पर्ने आयोगको कार्यतालीकामा भएपनि आसेज ९,१० र ११ गते नेकपा–माओवादी सहितका ३३ दलले ति दिनहरूमा नेपाल बन्दको घोषणा गरेका हुनाले, उम्मे द्वारहरूलाई उम्मे द्वारी दर्ता गराउन निकै संकट हुन सक्ने सम्भावना बढेको छ । उच्चस्तरीय राजनैतिक संयन्त्रका नेताहरूले आयोगलाई गरेको आग्रह पछि आयोग समेत संकटमा परेको छ । आफूहरूलाई नियुक्त गर्ने दलहरूको भनाई नमान्दा अर्को संकट आउने, मान्दा तोकिएको समयमा निर्वाचन हुन नसके त्यस्को दोष आयोगलाई लगाएर चारदलिय सिन्डिकेट पानी माथिको ओभानो बन्न सक्ने भएको हुनाले आयोग संकटमा परेको हो । आयोगले निर्वाचन सम्बन्धि सबै कार्य निकै अगाडि बढाएको अवस्था फेरी मिति सार्ने प्रयास गर्नु चारदलिय सिन्डिकेटले तोकिएकै मितिमा निर्वाचन नगराउने दाउ नै हो ।

devendrachudal@gmail.com

# चुनावमा रक्तपात हुने खतरा बढ्यो



राजन कार्की

निर्वाचनको मिति १० दिन वरपर सारेर के भयो र सहमति नभएपछि लोकतन्त्रको उज्यालोमा रक्तपात, संविधानसभाको निर्वाचन यस्तै हुने खतरा बढेर गएको छ । नेपाल खुइलेका नेताको खोरिया बनिसक्यो । पञ्चायत कालरात्रि भयो भनेर बहुदल ल्याइयो, बहुदलभन्दा पनि अग्रगमनकारी भनेर त्यसलाई लोकतन्त्र नामाकरण गरियो । तर, ८ वर्षमा पनि 'घुम्दै फिर्दै रुन्जाटार' भनेझैं लोकतन्त्रको शुभरात्रि सुरु हुनसकेन । १७ हजारको हत्या गरेर बगेको रातो रगतसँग साटेर सुरु भएको लोकतान्त्रिक राजनीति सुकिलो र उज्यालो हुनसकेन । लोकतन्त्र हाँक्नेहरूको चरित्र अँगारजस्तो कालाम्मे र तिनको शासन शैली अँध्यारो सुरुङ बन्न पुगेको छ । प्रधानन्यायाधीशको हातमा सत्ता सुम्पदा पनि जनताले न्याय पाएको अनुभूति गर्न सकेनन् ।

०६३ साल बैशाख ११ पछि ०७० साल असोजका सुरु दिनसम्मको कालखण्डको दृष्टान्त भनेको कलंकमात्र हो । गाउँघरमा कलियुग लागेछ भनेर जसरी बिग्रे भत्केकोलाई इंगित गरिन्छ, त्यस्तै भयो लोकतन्त्र र त्यस्तै बने ( लोकतान्त्रिक ?) नेताहरू । समाजबाद बोकेकाहरू सत्ताका लागि माओवादीको पुच्छर बन्न पुग्दा सिद्धान्त, शान्ति, संविधान, सहमति, अवधारणा सबै क्वाँटी बन्न पुगेका छन् । कुन ठिक र कुन बेठिक छुट्याउनै नसकिने गरी तीलचामले बनेका छन् राजनीतिक पात्र र पार्टीहरू । झिँझाको डाँकातन्त्र र नेपालको लोकतन्त्रमा रौं बराबर भिन्नता देखिन छाडेको कुरा गर्छन् अनुभवीहरू । हुन पनि दिउँसै लालटिन बालेर न्याय खोज्नुपर्ने भएपछि यस्तो अव्यवस्थालाई कसरी लोकतन्त्र भन्न सकिन्छ र ? लोकतन्त्रमा लोकको इच्छा र आकांक्षाले प्रधानता पाउनुपर्ने हो । यहाँ त कथित नेताहरू कूत खाएर बस्ने तल्सिङजस्ता देखिन्छन् । लोक कमैया र कमलरीले भोगेजस्तो शोषण र अन्याय भोग्न बाध्य भइरहेका छन् ।

०६५ साल जेठ १५ गते राजतन्त्रको अन्त्य गर्दा टेबुल ठोकेर निरङ्कूशताको अन्त्य भयो भनेर भ्याली पिट्ने पार्टीका सदस्य-सभासद्हरू अहिले पनि पार्टी झण्डा बोकेर बुर्कुसी मारिरहेकै छन् । उनीहरू यदाकदा निरङ्कूशता बढ्यो त भन्छन् तर किन निरङ्कूशता बढ्यो, कसको कमजोरीले शान्ति, संविधान बनेन, संविधानसभा बिघटन भयो ? भनेर सोध्यो भने जिब्रो लरबराउँछन् । लोकतन्त्रमा निर्दलीइ सरकार, लोकतन्त्रमा नेताशाही, लोकतन्त्रमा बाहुबली, लोकतन्त्रमा गुण्डाराजका बारेमा कुरा झिक्यो भने एउटा नेताले अर्कोलाई एक पार्टीले दोस्रो पार्टीलाई दोष दिन्छन् । ८ वर्षे लोकतन्त्रले छानो त हालेन, हालेन, जगसमेत उधिनेर फ्गालिसकेको अवस्था छ ।

आफूलाई राजनेता भन्नेहरूमा आफ्नै दलको घोषणापत्रप्रति प्रतिवद्धता जिवन्त छैन । नीति, निष्ठा र सिद्धान्त गुमाएको राजनीति र बनकालीको बाँदरनाच उस्तै उस्तै देखिरहेका छौ । लोकतन्त्रमा लोक अन्तिम निर्णायक हुनुपर्ने हो, सर्वशक्तिमान जनता नेताहरूको गाईजात्रे नौटंकी हेर्न बाध्य छन् । राजनीतिले नीति गुमाउँदा मदनकृष्ण, हरिबंशको हास्यव्यङ्ग मनोरञ्जक भएको छ । अझै पनि परिवर्तनका बाहकहरू सत्ता, भत्ता, शक्ति, सम्पत्तिमा नतमस्तक भएको देख्दा लाग्छ, नेपाली नेताहरू हिजो राजाले खाएको लाएको डाहाले पोल्लिएका थिए, 'आफै खाउँ, आफै लाउँ, अरू सब मरून् दुर्वलहरू' भन्ने चरित्र देखाइरहेका छन् । त्यसैले प्रचण्ड खाइलाग्दा सामन्तजस्त देखिन्छन्, सुशील भुसिलो दाह्री पाले पनि दह्रा भएका छन्, झलनाथ खनाल त सम्भ्रान्त कम्युनिष्ट हुँदै हुन्, मधिसेहरूले त बाबुराम शासनको १८ महिना १८ दिनमा देशमा लखनौं लूट नै मच्चाए । जब लोकतन्त्रवादी लोकहितमा कुनै लछारपाटो लगाउन सक्दैनन् तब कम्युनिष्टले घूस खाने, चन्दा उठाउने, दादागिरी देखाएर हुकुम चलाउने देशमा लोकतन्त्र 'बुख्याँचा' नभए के हुन्छ ? नेपालमा लोकतन्त्र माओवादी ठडिने वा ठड्याउने बुख्याँचातन्त्र चलिरहेको छ । खिलराज रेग्मी कमरेड प्रचण्डले उभ्याएका पछिल्ला बुख्याँचा हुन् ।

**लोकतान्त्रिक मर्यादाबिहीन क्रियाकलापबारे खबरदारी गर्न नेपाली कांग्रेस र एमाले चुकेका छन् । उनीहरू तरह तरहका अलोकतान्त्रिक र अक्षम्य अपराधहरूमा मौन बसेका छन्, आतंककारी अभिव्यक्तिलाई सुनिरहेका छन् र सरकारभन्दा बलियो संयन्त्रमा भाग पाएपछि 'लाटाले केरा पाएजस्तो दङ्ग' परेका छन् । के प्रजातन्त्रका बिंडा उठाएको दावी गर्नेहरू नैतिक धरातलमा खरो उभिएका छन् ? छेनन्, त्यसैले पनि मंसिर ४ को संविधानसभाको निर्वाचन अघि 'बाहुबलीतन्त्र' हावी हुँदै गएको छ ।**

प्रचण्डले लोकतन्त्र चाहेका भए उनी 'राजनेता'का रूपमा नेपालका गान्धी बनिसकेका हुन्थे । उनले आफूलाई 'महाभारतको सकुनी'का रूपमा प्रस्तुत गरे । राजनीतिको प्रत्येक मोडमा प्रचण्ड देखिन्छन् तर राजनेता बन्न सकेनन् । फलतः शान्ति अझै टाडा पुग्यो, अराजकता बढ्यो, संविधान बन्दै नबने विषय हुनपुग्यो । सुशासन र सहमतिको राजनीति त स्यालको सिङ्गजस्तो देख्दै देखिन्न । उखान छ 'जति भाँडो उति चुपुर्को', १ सय ३९ दलहरू हुँडल्लीइरहेका छन् । खाली भाँडो धेरै बज्छ भनिन्छ, जनतासम्म पुग्ने नीतिहीन, लक्ष्यहीन, आँट र अक्किलहीनहरू खाली भाँडो बजेझैं बजिरहेका छन् । तमासा बनेको छ नेपालको लोकतन्त्र । जनता दलहरूले मिलेर अवैध तरिकाले फालेको राजतन्त्रलाई सम्झन बाध्य छन्, जन जनका जटिलताहरू बढ्दै गएका छन् र पूर्व राजालाई देख्यो कि 'राजा आउ देश बचाउ' भनेर चिच्याइरहेको छ । यो चिच्याहट मन नदुखी निस्केको वाणी होइन ।

लोकतन्त्रको आठ वर्षपछि पनि शीर्ष चार दल : एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाले जे गरे पनि त्यो बैधानिक हुन्छ भन्ने भ्रमित राजनीतिको निरन्तरता जारी छ । यिनको धारणामा बैधानिक हुन लोकमतको आवश्यकता छैन । उनीहरूले सहमति गरेको विषय राष्ट्रिय सहमति हुन्छ रे । कतिपय शक्तिहरूमाथि बिभेद र निषेधको बन्चरो हानेर पनि लोकतन्त्र चल्ने रहेछ । चार दल सिण्डिकेट खडा गरेर लोकतन्त्रका बादशाह बनेका छन् र उनीहरू दिनदिनै लोकतन्त्रका मर्म र मर्यादाहरू कुल्चिरहेका छन् । यस्तो सर्वसत्तावाद कि जंगबहादुर राणाले चलाए, कि अहिलेका प्रचण्डले ।

यो सब मनपरीतन्त्रमा नेपाली कांग्रेस र एमालेले किन साथ दिइरहेको होला ? आश्चर्य छ । लोकतन्त्रको जगमा अलोकतान्त्रिक प्रक्रियामा साथ दिनु भनेको राजनीतिक अपराध गर्नु हो, त्यो अपराध प्रचण्डसँग डराएका कांग्रेस, एमालेले त्यो अपराध गरिरहेका छन् । सत्ताको भाग र अवसर छोप्नका लागि सिद्धान्तलाई बन्दकी राख्ने जुवाडेभन्दा कम भएनन् समाजवादीहरू । जुवाडेहरू देशलाई समेत 'जूवाको खालमा च्यांखे थाप्छन्' । कांग्रेस र एमालेलगायतका प्रजातन्त्रवादीहरू त्यस्तै जुवाडे बन्न पुगेका छन् । अझै पनि समय छ, समाजवाद, जनताको जनवाद बचाउने हो भने प्रजातन्त्रका मर्यादामा कांग्रेस, एमालेहरू उभिउन्, एउटा चुनाव हारे पनि जनताको मन र प्रजातन्त्रको साख त जितिन्छ ।

मंसिर ४ को निर्वाचनमा नेकपा-माओवादीलाई सहभागी गराउन भगिरथ प्रयास भइरहेको छ । एमाओवादी र नेकपा-माओवादी भनेका सिक्काका दुई पाटा हुन् । यिनीहरू चुनावमा जाउन् अथवा बिद्रोहमा, सडक र सत्ता यिनकै हातमा हुनेछ । सिक्काको दुई पाटाका बीचमा जुन मोटाइ हुन्छ, हेड र टेललाई सन्तुलन गर्ने तत्व त्यही हो । त्यो तत्व बन्न कांग्रेस र एमाले सकेनन् । राजतन्त्र थियो फालियो । त्यसैले चुनाव भए वा नभए पनि ०६३ सालपछि जसरी एकछत्र राज्य प्रचण्डले चलाए, अरू केही वर्ष प्रचण्ड किङ्पिनकै रूपमा देखिने छन् । प्रचण्डका प्रत्येक कदम आफूलाई राजनीतिको केन्द्रमा राख्न योजनाबद्ध रणनीतिक छ र त्यो रणनीतिले प्रचण्डलाई 'हेडलाइन बनाइरहेको छ, बनाइरहने छ ।' प्रजातन्त्रवादी शक्तिले सत्ताका लागि सिद्धान्त दाउमा नराखिदिएको भए आज नेपालमा कमरेडहरू यसरी सडकदेखि सत्तासम्म, सामन्तदेखि सिंहदरवारसम्मका धनवान बन्ने थिएनन् । लोकतन्त्रको ब्यानर त टाँगिएको छ तर यथार्थमा नेपालमा कम्युनिष्ट शासनसत्ता चलिरहेको छ । भर्खर पेण्डोराको बाकस खोलिएको ८ वर्ष भयो, 'देखते जाओ, आगे आगे होता है क्या ?'

आठ वर्षपछि जनमानसमा, नागरिक समाजमा, बुद्धिजीवी बर्गमा प्रश्न उठेको छ : पूर्वराजा ज्ञानेन्द्रले समेत जनताको मनोभावमा आफूलाई समाहित गरे । उनी पो लोकतान्त्रिक रहेछन् । जो जनताको आदेश मान्छ, जो जनतालाई केन्द्रमा राखेर राजनीति गर्छ, उही हो लोकतन्त्रवादी । जनताको आँखाको कसिंगर र 'खुर्सानीको खार' बनेको वर्तमान नेतृत्वबर्गलाई लोकतन्त्रवादी भन्न र मान्न सकिन्न । यसमा पूर्वाग्रह भयो भन्ने कसैलाई लाग्छ भने आमजनतालाई सोधिहेरे हुन्छ, जनताले भनिदिन्छन्-जनताको जीवनलाई मजाक बनाएर हँसी उडाउनेहरूलाई लोकतन्त्रवादी मानिन्न ।

राजतन्त्र अब राजनीतिक मुद्दा बनिसकेको छ । राप्रपा नेपाल र व्यक्तिगत रूपमा पनि जनमानसमा राजतन्त्र, एकताको मौलो चाहिने रहेछ भन्ने आभाष ब्याप्त भएको पाइन्छ । राप्रपा नेपालले निर्वाचनपछि जनशक्तिका साथ, आवाजका साथ संविधानसभामा संसदको नियन्त्रणमा रहने संवैधानिक राजतन्त्रको माग गरिने छ । जुन संविधानसभाले राजतन्त्रको अन्त्य गरिदियो, त्यो अवैधानिक थियो र अब बैधानिक प्रक्रियाबाट राजतन्त्र र हिन्दूराष्ट्रको पुनर्स्थापना गरिनेछ । यस दृष्टिकोणबाट विश्लेषण गर्दा भयरहित, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुने हो भने यसपटक आमजनताले राप्रपा नेपाललाई मत दिने निश्चित छ । त्यही मताधिकारले जनताको इच्छा पूरा हुनेछ । हेर्नु यत्ति छ, प्रधानन्यायाधीशले गराउने निर्वाचन कति न्यायपूर्ण, निष्पक्ष र भयरहित हुने हो ? यो प्रश्न यसकारण पनि महत्वपूर्ण छ कि एमाओवादी र नेकपा-माओवादीले वाईसीएल, लडाकाहरू खटाउने खुला उद्घोष गरिसकेका छन् । सरकारले दिनुपर्ने सुरक्षा अतिवादी र खतिवादी कम्युनिष्ट दस्ताले गर्ने भनेको धाँधली गरिन्छ, कसले के गर्छ भनेजस्तो भएन र ? जातीय, भेगीय, भाषीय द्वन्द्व नहोस् र एक नेपाल, एक नेपाली जाति रहोस् भन्ने मान्यता राख्ने देशभक्त हुँ, नेपाली हुँ भन्ने सबैका लागि यही एउटा प्रश्नले कालो राजनीति अति भयो, राजतन्त्रको पुनर्स्थापना जरुरी देखियो भनेर मान्न करैलाग्छ ।

---

# राष्ट्रियताबिहीन हाम्रा नेताहरू

तारा जोशी

शायद यस्तो घटना विश्वमा बिरलै घट्दछन र घटुनु पनि हुँदैन । घटना अलि अगाडिको पञ्चायतकालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठको उपचार खर्च नभएर असामयिक निधन भयो । मानव जीवन जन्मेपछि अवश्य मर्नु त पर्छ नै तर मान्छेको अस्तित्व जन्मनु र मर्नुमा मात्र सिमित छैन र हुनु पनि राम्रो होइन । देशको कुनै समयको प्रधानमन्त्री पद सम्हालेको मान्छे जसले चाहेको भए सायदै राजधानीमा ठूला आफ्नै सपिङ महल खोल्न सक्यो तर देश र जनताको सेवामा समर्पित हुँदा आखिर देशले अथवा भन्नैपर्दै देश र राष्ट्रलाई जालोमा राख्ने तिनै आफैलाई राज्य सम्झने नेता र सरकारले के गऱ्यो त भन्ने मनमा रही नै रह्यो । विषय साधारण लाग्न सक्छ तर यसभित्र गम्भीर कुरा लुकेको छ । आखिर देशको प्रधानमन्त्रीको लागि उपचार खर्च छुट्याउन राज्य चुक्छ । अनि खै तिनले ढ्वाङ फुक्ने राष्ट्रियता खै स्वाधीनता, प्रजातन्त्र, लोकतन्त्र ? आफूचाहि २ वर्ष संविधानसभाको म्याद ४ वर्ष पुऱ्याउने त्यो अधिकार आखिर कसले दिएका थिए ? जनताले त संविधान २ वर्षमा बनाउनु भनेर भनेका थिए । अनि आफै आफ्नो म्याद थप्ने अनि संविधान निर्माण नै नभई नेपाल सरकारको १५ अर्ब रुपैयाँ सकियो । त्यसमा ती जननेता भनाउँदालाई पश्चाताप लागेन तर मृत्युसैयामा रहेका देशका पूर्वप्रधानमन्त्रीको उपचारार्थ रकम छुट्याउन ३ महिना लाग्ने अनि सरकारले एउटा सर्वसाधारणले कल्पना गर्न सक्छ सरकार कति निरीह छ ? सरकार कति बिभेदकारी र संवेदनहीनसमेत छ भनेर ?

राष्ट्रपतिलाई साधारण कब्जियत हुँदा समेत जम्बो टोली लिएर जापान पुगेर आए । आखिर राष्ट्रपतिले त्यतिका खर्च किन गरे ? नेपालकै क्यान्सर विशेषज्ञहरूलाई किन बेवास्ता गरे ? पूर्वप्रधानमन्त्री मृत्युशैयामा हुँदा उनलाई केही उपचार खर्च दिँदा के बिग्रन्थ्यो ?

यतिखेर दुर्गममा गरिब, असहायको उपचार गर्दागर्दै आफै क्यान्सर पिडित हुनपुगेका डाक्टर हुन् चित्रप्रसाद वाग्ले । उनी भन्छन् : मलाई मर्ने अनुमति देउ । यसरी सेवा गर्दागर्दै बिरामी परेका डाक्टरलाई समेत सरकार वास्ता गर्न सकिरहेको छैन । एउटा समाजसेवी डाक्टरलाई त सरकार देख्न, संरक्षण गर्न सक्दैन । के गफ गर्छन् यिनीहरू राष्ट्रियताका बारेमा ? यिनले राष्ट्र कसरी बलियो पार्न सक्छन् ? राष्ट्रियता हुनका लागि राष्ट्रिय भावना पनि मजबुत हुनुपर्छ, जुन नेताहरूमा छैन भनिन्छ, लोकतन्त्र जनताद्वारा, जनताका लागि, जनताले गर्ने शासनपद्धति हो । हाम्रा नेताहरू जनताका लागि शासन गरिरहेका छन् कि आफ्नै लागि, आफन्तका लागि ? जनताले तिरेको कर जनताको भलाईका लागि खर्च भइरहेको छैन ।

मरिचमान प्रतिगामी शासक थिए भनेर उनलाई राष्ट्रिय सम्मान सम्म पनि दिइएन । पूर्वाग्रह र बिभेदको हद नाघ्यो सरकारले । भनिन्छ, नेपाल सतीले सरापेको देश हो । मरिचमानले मर्ने बेलामा राज्यको संरक्षणसम्म पनि पाएनन् । तैपनि उनले यही देशमा मर्ने इच्छा प्रकट गरे र बितेर गए ।

पूर्वप्रधानमन्त्री मरिचमान सिंह मर्दा राष्ट्रिय गान बजेन, झण्डा झुके, सम्मान दिइएन, तैपनि सबैजसो नेताहरू फूलको गुच्छा चढाएर गोहीको आँसु बगाउन भने पुगेको देखियो । विदेशीले निम्तो दिए, अवसर दिए विदेश गएनन् डाक्टर चित्रप्रसाद शर्मा वाग्ले । दुर्गममा स्वास्थ्य सेवा छैन, म दुर्गमवासीको सेवा गर्छु भनेर जुटिरहे । सेवा गरिरहे । उनले गरिबहरूको माया पाए, लोकप्रिय पनि भए तर क्यान्सरले उनको पछिलाग्यो । दुःख दियो । उनी मर्ने दिन कुरिरहेका छन्, राज्य चुपचाप ती समाजसेवीको पीडा हेरिरहेको छ । कति संवेदनहीन हुँदोरहेछ राज्य ? सामान्य नागरिक समाजले सहयोग गरिरहेका छन् । त्यो सहयोग पर्याप्त छैन । त्यसकारण पनि ती डाक्टर अस्पतालको शैयामा निराश छन् । साँचो अर्थमा निराश ती डाक्टर होइनन्, समाज र सामान्य जीवन निराश छ । यो निराशता जनजनमा बढ्दै गएको छ । आर्थिक क्रान्तिका कुरा, लोककल्याणका कुरा, अग्रगमन र जनताप्रति जिम्मेवारीका भाषण खुब गर्छन् । तर, चित्रप्रसादजस्ता डाक्टरको सुरक्षा गर्न सक्दैनन् नेताहरू । अहिले गुण्डा, अपराधी, बाहुबली, हत्याराको बोलावाला छ लोकतन्त्रमा । अनि कसरी एउटा सामान्य डाक्टरको पीडा बुझ्न सक्छ राजनीतिक नेतृत्व ? यसकारण मेरो अनुरोध छ, हामी जनताले नै चन्दा संकलन गरेर समाजसेवी डाक्टर चित्रप्रसाद वाग्लेलाई बचाउने हो कि ? छिटो गरौं, कतै अबेर नहोस् । यस्ता समाजसेवीको उपचार गर्दा नेपाल आमा पनि खुशी हुनेछिन् । असलमा शान्ति यस्तै कामबाट स्थापित हुने हो । राजनीतिमा चन्दा आतंक मच्चिरहेको छ । चन्दाको दुरुपयोग भइरहेको छ । चित्रप्रसादजस्ता डाक्टर जो सेवाभावमा छन्, जो समाजलाई सही प्रेरणा दिइरहेका छन्, त्यस्ता सत्पात्रलाई चन्दा दिँदा धर्म नै हुनेछ ।

# Economic geography beyond Nepal Past & future

■ Ved Jung Bajhangee singh

As well as economic of Nepal we can not ignorance its past & future , in this phenomena ,rest of Nepal to be focusing rest of Nepal past & future as economic history .

At first Nepal was a ruled by feudalist from 24o year and its public were within feudal barrier from the wild feudalist ruled .as well as Nepal has just free from last 5 years. Which public movement was surprisingly supported by rest of Nepali politician and conscious people. Who were suffering from feudal and his worth less vested interest person . in this phenomena we would like a data analyzing beyond the economic inflation of the under developed countries and developing countries, comparatively we can study economic as per inflation rate among the under developing and developed neighbor and borrowing by the economic policy and idea from the so called duplicating leadership , the so called duplicating person were directed by those lords from the

Southern point and European & American Imperialism as well as from the these heaven ,

And developing countries . as well as misfortunately we couldn't have any willingness of comparatively any opportunity of the development un till now. There are two main philosophy , we most follow one of such philosophy, the classical & latest .as per we know main school of thought, so are discussion as flows :-

From the very beginning the classical economic has been ruled rest of human life or feudalist and ancient capitalist ,and second part is within the Marxist economic . as well as north Korea and Cuba are as per fully Marxist economic. As well as ,aforesaid countries are within socialism path and prc are mixed of such economic arena. as well Laos and vieat name are seamy economic concept . I would like say, YU..G. SAUSKIN, Economic geography ,theory and method English edition 1980,page10 Wrote ,the rivalry of the socialist and capitalist systems is most sharply reflected in rate of economic development , in the employment of natural ,manpower ,material, and technical resources , in the social productivity of labour , in application of the results of scientific and technical progress and in many fields of science, in industry, transport , the building of the cities, etc, the country development , we can watching as a spatial around the economic geography & INFLENCE OF The economic beyond the output and per - capita output , of the As per in this phenomena we should reality of the output at and within the self national GDP RATE . hitherto we are just watching and monitoring of the newly issuing act of ppp .

It is a new design of the industrial Procedeer in new Nepal . any way it is very beginning after the deputations of the feudalism or end of feudalism after the 240 years. In this phenomena , we can watch around the neighbors either south and the capitalism growing beyond the south Asia. But new capitalism are not at Napoli concepts ,rest of world Nepali industrialist are very far from as per ppp system. It is a only growing of capitalism after the growing of the capitalism you can enjoy on

Socialism , the socialist economic should on the very beginning therefore ,Nepal is on the begins of the eco – system as per . As well as it do not allow of without principal any think in did, but follows the economic principals, accordingly its rule and regulation everywhere ? within the or under the economic barrier ? anyway the Korean economic has been shown example of the capitalist economics ?as well as individualist beneficiary for the Investor ? as per they would getting only individual return from the investment, but one the socialist economics dose not trial and Match with capitalist economies at any terms . in this circumstances we must make our development vision clear and make a economic geography as soon as possible- or at fast make a path of countries rapidly development of the economic up grate further or maximum development of the GDP rate. All though we must make a strategy or constant economic theories up grade our economic as soon as possible , we do not borrow of idea or theory check and stop the youth on employment problem and brain grain from the country & make a fruitfully economic geography of the country. At first we are strongly avoids the monopoly of the certain beurocrassy without any fruitful region & cause .The beginning of the Development of Economic Geography Capitalist production began take shape in the sixteenth century, although we come across the first beginning s of capitalist production as early as the fourteenth or fifteenth century ,sporadically .in certain town of the Mediterranean . the capitalist era dates from the sixteenth century , the beginning of capitalism were marked by primitive accumulation of capital. development of the big commercial and industrial centers in northern Italy and Netherlands the great Geographical discoveries and depending of the socials territorial division of labor , On consequence of this process was the need for a new science - economic geography .

The soviet historical geographer V.K . Yatsunsky held that le description de tout le pays-Bas by the Italian scholar Ludovico Gluccirdini. Which was published in 1567 , should be considered the first work of economic geography . it was a quite natural that Ludovico guiciradini. Guiciradini , s book consisted of two parts (a) a general description of the low countries ( including an analysis of the geographical position ,an assessment of the role of the sea in their ,and description of the seventeen

Province s in to which they were then divided . He gave much space to description of the towns. Devoting a fifth of the whole book to Antwerp . devoting fifth of the whole book to Antwerp . the text was accompanied with maps and plans of several cities . How practically important the book was is shown by the fact that it was reprinted 35 times < The commercial and industrial rivalry of Florence and Antwerp at the down of the capitalist era pushed economic geography ahead fast and furious. The author of the books were loat of the studying full of

Interesting Ideas ,still cannot considered a theoretical work in the field of economic geography . nearly a century Later , in 1650 , in the low countries ,a book by young scholar ( he did at 28 ) a German by birth Bernhard varen , or Vrenius appeared .called geographia generals. In the remarkable book, the first theoretical work on geography , we already see a tendency towards differentiation of the single science of geography ,According to varinious geography is divided into general geography and special geography ( study of countries ) . he distinguished three departments in the later .concerned with the following

properties : 1. Territorial ( a country s Location ,boundaries . configuration ,area, relief, minerals, waters, soils, Vegetation, and animal kingdom ): 2- heavenly ( Latitude , height, of the sun above the horizon. length of the seasons ,climatic zone ,metrological phenomena , astronomical observations ) 3, human ;- the some of human properties of a country noted by various was still far from meriting the label of economic geography , but they included genuinely economic geographical aspect of knowledge composition of the population ,peculiarities of its life , features of its food and drink, incomes , education , crafts , commerce , customs from the cradles , to the grave ; political structural cities:-

as well as the aforesaid Economic Geography study has left the study and strength of the winds and sun rays as well as other rest of the abstract power of the nature, in this context we can defined the economic geography of the others economic writers, in this phenomena we must carefully monitoring of human nature of productive and genuinely , we should our energy on soil, land, mountain and animals , when we did not following of the economic geography human would as joker of the plying cards , or we are talking and make full rest of the Countrymen and self, as well as varenis regarded study of the human properties as a special department within the system of geography , that was not yet the separation of economic geography as a science but it

already clearly manifested new trends toward differentiation of geography in response to the needs of life , the developments of manufacturing industries , and trade . at last I would like expression to the concerning authority and person , who are ignore for his or she's responsible

it would be a great betray to the country and disqualified on the duties , as per as I would like some evidence of Nepal government , Office of the investment Board , who invite the project proposal for the implementation . near about before 1 year but concerning person are fully hopeless by the behaviors of the board and action of any project , at now the machinery are only show cash and it is only hypocacy steel now ? why rest of the machinery are only for the hanky funky action for aforesaid action . hitherto Nepal is a under the so called Sammy new colonial position made by pro-American and European and via Indian dictoreal regime of the so called Unified Maoist & so called made in Indian and aforesaid democrat ? whether the rulings class are not clears so how Made Nepal a economic geography at the path of capitalism or socialist ? It may take some time . In this Context New Nepal Must make economic geography and follow the guide line of as per or as well as economic geography of new Nepal .

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY "

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# संविधानसभाको चुनाव : प्रतिगमन वा अग्रगमन ?

**अहिले माओवादी र सत्ता पक्षका बीचमा सहमति हुन नसकेर वा सर्वदलीय सम्मेलन तथा सहमति हुन नसकेर संविधान सभाको चुनाव समयमा हुन सकेन भने त्यसले सम्पूर्ण देशलाई सङ्कटका मुखमा पुऱ्याउने छ । माओवादीले आफ्नो गलत नीतिमा लगातार जोड दिइरहे भने त्यसले संविधान सभाको चुनावका लागि अत्यन्त कठिन स्थितिको सिर्जना गर्नेछ र त्यसका कैयौँ दूरगामी परिणाम हुनेछन् । त्यसैले माओवादीले संविधान सभाको चुनावलाई बहिष्कार गर्ने वा उनीहरूले घोषणा गरे झैं त्यसलाई बिथोल्ने प्रयत्न गरे भने देश प्रतिगमनतिर जाने सम्भावना रहनेछ । प्रतिगमनको खतरालाई रोक्न र देशलाई अग्रगमनको दिशामा लैजान संविधान सभाको चुनाव ऐतिहासिक, राष्ट्रिय र निर्णयात्मक आवश्यकता भएको छ । त्यसैले संविधान सभा, संविधानको निर्माण वा गणतन्त्र पक्षधर शक्तिहरूले संविधान सभाको चुनावलाई सफल पार्न पूरा शक्ति लगाउनु पर्दछ ।**

*मोहनविक्रम सिंह*

हामीले बारम्बार सत्ता पक्ष र माओवादीका बीचमा वार्ता र सर्वदलीय सम्मेलन गरेर संविधान सभाको चुनावसम्बन्धी विवाद सफल पार्नु पर्ने आवश्यकतामा जोड दिँदै आएका छौँ । हाम्रो यो निश्चित दृष्टिकोण छ कि माओवादी पक्षले संविधान सभाको चुनावलाई बहिष्कार गर्ने नीति अपनाएमा, एकातिर, संविधान सभाको चुनाव शान्तिपूर्ण वातावरणमा सफल हुने छैन भने अर्कातिर, देश प्रतिगमनतिर जाँदै वा असफल राष्ट्र घोषित हुने सम्भावना रहनेछ । त्यसैले माओवादीसितको वार्ता र सहमति आज राष्ट्रिय महत्वको कुरा भएको छ ।

हामीले माओवादीसितको वार्ता र सहमतिमा धेरै जोड दिन्छौँ । तर त्यसको अर्थ उनीहरूले अगाडि सारेका सबै शर्तहरूलाई हामीले समर्थन गर्दछौँ भन्ने होइन । आफ्नो वार्ताका क्रममा उनीहरूले मन्त्रीमण्डलका अध्यक्ष खिलराज रेग्मीको प्रधान न्यायाधीशबाट राजिनामा, चुनावको मितिमा परिवर्तन, पूर्ण समानुपातिक चुनाव, संविधानको अन्तरवस्तुबारे पहिले नै सहमति, गोलमेच वा सर्वदलीय सम्मेलनका शर्तहरु राखेका छन् । हामीले उनीहरूको सर्वदलीय सम्मेलन वा गोलमेच सम्मेलनको प्रस्तावलाई समर्थन गरेका छौँ । यहाँ त्यस सन्दर्भमा हाम्रो पार्टीले अन्य पक्षहरु समेत सामेल भएको प्रतिनिधिमण्डलले अन्य त्यस प्रकारको सर्वदलीय सम्मेलन वा गोलमेच आयोजनाका लागि पहल गर्न राष्ट्रपतिसित अनुरोध पनि गरेका थियौँ । राष्ट्रपतिले त्यसका लागि गरेको पहललाई हाम्रो पार्टीले स्वागत गर्दछ । तर सर्वदलीय सम्मेलन अझैसम्म सफल हुन सकेको छैन । सञ्चार माध्यमहरूबाट प्राप्त समाचार अनुसार त्यो वार्ता करिब करिब असफल भएको छ । हाम्रो पार्टीले त्यस प्रकारको वार्ता वा सहमतिलाई धेरै नै महत्व दिन्छ । त्यसकारण त्यो सम्मेलनलाई सफल पार्न, सहमतिमा पुग्न र संविधान सभाको चुनावलाई सफल पार्न सम्बन्धित पक्षसित अनुरोध गर्दछौँ ।

हामीले प्रधान न्यायाधीशको नेतृत्वमा बनेका निर्दलीय सरकारको प्रारम्भदेखि नै विरोध गर्दै आएका छौँ । त्यसले बहुदलीय व्यवस्थाको आधारलाई धेरै नै कमजोर पारेको छ । त्यो अवस्थामा देश निर्दलीय व्यवस्थातिर जाने खतरालाई रोक्नु पर्दछ भन्ने हाम्रो स्पष्ट र दृढ मत छ र त्यो दिशामा गरिने सङ्घर्ष वा प्रयत्नहरूलाई हामीले पूरा समर्थन गर्नेछौँ । तर यसबारे हाम्रो यो स्पष्ट मत छ कि रेग्मीको प्रधान न्यायाधीशको पदबाट राजिनामाले त्यो समस्यालाई समाधान गर्ने छैन ।

रेग्मीले प्रधान न्यायाधीशको पदबाट राजिनामा दिए पनि सरकारको निर्दलीय प्रकृतिमा कुनै अन्तर आउने छैन र त्यो निर्दलीय सरकार नै हुनेछ । त्यसरी उनको राजिनामा अहिलेको समस्या, देश निर्दलीय व्यवस्थातिर जाने खतराको समाधान हुने छैन । अहिले देश निर्दलीय व्यवस्थातिर लैजाने जुन खतरा उत्पन्न भएको छ, त्यसको सही निकास संविधान सभाको चुनाव नै हो । त्यसले निर्दलीय आधारमा बनेको सरकारलाई समाप्त गरेर बहुदलीय सरकारको आधार तयार पार्नेछ । त्यसकारण वर्तमान निर्दलीय सरकारको अन्तका लागि पनि छिटोभन्दा छिटो संविधान सभाको चुनाव सम्पन्न हुनु आवश्यक छ । त्यो वाहेक अर्को कारणले पनि हामीले तत्काल वर्तमान सरकारको विघटन गर्ने सोचाइलाई असान्दर्भिक ठान्दछौँ । तत्कालका लागि सबैभन्दा महत्वपूर्ण र केन्द्रीय विषय संविधान सभाको चुनाव नै हो । अहिले सरकरको विघटन वा गठनको प्रसङ्गलाई अगाडि बढाउने बित्तिकै त्यो विषय नै मुख्य राजनीतिक महत्वको विषय बन्नेछ र संविधान सभाको चुनाव पछाडि धकेलिनेछ । यहाँसम्म कि वर्तमान सरकारको ठाउँमा दलीय आधारमा सरकारको गठनको प्रस्ताव आउँछ भने पनि हामीले त्यसलाई उपयुक्त ठान्दैनौँ । किनभने त्यो प्रस्तावले नयाँ विवाद पैदा गर्नेछ । नयाँ सरकारको कसले नेतृत्व गर्ने ? त्यो टुङ्ग्याउन पहिले झैँ कैयौँ महिना लाग्नेछ र तैपनि त्यो विषय टुङ्गिने छैन । त्यसको एउटै परिणाम हुनेछ : संविधान सभाको चुनाव अनिश्चित बन्दै जानेछ र एजेण्डाबाट नै संविधानको विषय हट्ने सम्भावना हुनेछ । त्यसकारण हामीले तत्कालका लागि सरकारको विघटन वा त्यसको ठाउँमा नयाँ सरकारको गठनसम्बन्धी कुनै विवादमा नपरिकन संविधान सभाको चुनावलाई सुनिश्चित गर्नेतिर नै मुख्य ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकतामा जोड दिन्छौँ र त्यो चुनावमा बाधा हाल्ने कुनै विचार, नीति वा गतिविधिलाई गलत मान्दछौँ, अस्वीकार गर्दछौँ र विरोध गर्दछौँ । जसले निर्दलीय सरकारको नेतृत्व वा अन्य कुनै पनि कारणले भए पनि संविधान सभाको चुनावको विरोध गर्दछन् वा त्यसलाई असफल पार्ने कुरा गर्दछन्, उनीहरूले यो स्पष्ट गर्नु पर्दछ : त्यस प्रकारको नीतिको फल के निस्कनेछ ? त्यस प्रकारको नीतिले के वर्तमान वहुदलीय व्यवस्थालाई समाप्त गरेर बहुदलीय वा क्रान्तिकारी व्यवस्था ल्याजय□उन मद्दत गर्नेछ ?

माओवादीले चुनावको मिति सार्ने कुरामा जुन जोड दिइरहेको छ, त्यसलाई पनि हामीले सही मान्दैनौँ । त्यसरी मिति सार्दा निर्दलीय सरकारको आयु लम्विने, संविधान सभाको चुनाव पछि धकेलिने वा त्यो नहुने पनि सम्भावना रहनेछ । हाम्रो जोड यो कुरामा हुनु पर्दछ कि छिटोभन्दा छिटो वर्तमान निर्दलीय सरकारको अन्त होस् । त्यसका लागि छिटोभन्दा छिटो संविधान सभाको चुनाव हुनु पर्दछ । एक पल्ट चुनावको मिति सरेपछि त्यो पुनः सर्दै जाने सम्भावना रहनेछ । त्यस सन्दर्भमा सम्भावित अन्य दुई वटा सम्भावनाहरूप्रति हाम्रो ध्यान जानु पर्ने आवश्यकता छ : प्रथम, अर्को सालको प्रारम्भमा वर्तमान प्रधान न्यायाधीशको कार्यकाल समाप्त हुनेछ । अहिलेको व्यवस्था अनुसार वहालवाला प्रधान न्यायाधीश नै मन्त्रीमण्डलको प्रमुख हुनेछन् । संविधान सभाको चुनावको मिति पछि सार्दै गएर त्यो चुनाव सम्पन्न हुनुभन्दा पहिले नै वर्तमान प्रधान न्यायाधीशको कार्यकाल समाप्त भयो भने के हुनेछ ? त्यो अवस्थामा या त अर्को वहालवाला प्रधान न्यायाधीशलाई सरकारको प्रमुख बनाउनु पर्नेछ वा अर्को, दलीय सरकारको गठनका लागि पहल गर्नु पर्नेछ । पहिले पनि दलीय आधारमा सरकार बनाउन सहमति हुन नसकेको उदाहरण हाम्रा अगाडि छ । ती दुवै अवस्थामा संविधान सभाको चुनाव पछि सर्ने र अनिश्चित हुने सम्भावना रहनेछ । त्यो अवस्थामा देश पुनः नयाँ प्रकारको गोलचक्करमा फस्नेछ ।

मिति सार्ने प्रश्नसित जोडिएको अर्को प्रश्नतिर हाम्रो ध्यान जानु पर्ने आवश्यकता छ । भारतमा छिट्टै आम चुनाव हुँदैछ । त्यो चुनावमा भारतीय जनता पार्टी एउटा मुख्य प्रतिद्वन्द्वीका रूपमा अगाडि आएको छ । त्यो चुनावमा त्यो पार्टीको विजय हुने र त्यसले सरकार बनाउनेबारे पनि भारतीय प्रेसमा निकै चर्चा छ । चुनावमा भारतीय काङ्ग्रेस वा भारतीय जनता पार्टीमध्ये कसको विजय हुनेछ ? अहिले नै त्यो कुरा भन्न सकिन्न । तैपनि त्यहाँ भाजपाको विजय भएमा वा त्यो सरकारमा आएमा त्यसको असर नेपालमा पनि पर्नेछ । त्यस अनुसार भारतमा भाजपाको सरकार बनेपछि नेपालमा चुनाव भएमा त्यसबाट राजावादीहरु वा उनीहरूको राजतन्त्रको पुनर्स्थापना वा हिन्दू राज्यको स्थापनामा मद्दत पुग्ने कुरा प्रस्ट छ । त्यसका पछाडि माओवादीहरूले भारतको चुनावमा भाजपाको विजय वा त्यसबाट नेपालमा राजावादीहरूलाई मद्दत पुग्ने सम्भावनामाथि विचार गरेर नै चुनावको मिति सार्ने प्रयत्न गरेका हुन् भनेर हामी मान्दैनौँ । तैपनि उनीहरूले राष्ट्रिय स्वाधीनताका पक्षमा पूर्व राजाको प्रसंशा गरेको र राजावादीहरूसित सहकार्य गर्ने कुरामाथि विचार गर्दा उनीहरूले पूर्व राजा वा राजावादीहरूसितको कुनै गोप्य समझदारी अनुसार संविधान सभाको चुनावको मिति सार्न धेरै जोड दिएका ता होइनन् ? प्रश्न उठाउनका लागि ठाउँ छ ।

माओवादीहरूले वार्ताका दौरानमा अर्का दुई वटा कुराहरूमा पनि जोड दिने गरेका छन् : प्रथम, पूर्ण समानुपातिक चुनाव र द्वितीय, पहिले नै संविधानको अन्तरवस्तुमा सहमति । हामीले यी दुवै अवधारणालाई गलत मान्दछौँ र विरोध गर्दछौँ । हामीले प्रत्यक्ष र समानुपातिक चुनावको ५०/५० प्रतिशतको नीतिलाई समर्थन गर्दै आएका छौँ । समानुपातिक उम्मेदवारहरूको मनोनयन पार्टीहरूद्वारा गरिन्छ । प्रत्यक्ष उम्मेदवारहरु सीधै जनताद्वारा चुनिन्छन् । प्रत्यक्ष चुनावलाई पूरै हटाउँदैमा उम्मेदवारहरूको चुनावमा जनताको प्रत्यक्ष भूमिका कमजोर हुन्छ । त्यसैले हामीले प्रत्यक्ष चुनावलाई पूरै हटाउने मात्र होइन, त्यसको अनुपात घटाउँदै लैजाने कुरालाई पनि गलत मान्दछौँ ।

संविधानको अन्तरवस्तुबारे पहिले नै सहमति कायम गर्ने अवधारणा पनि हामीले आधारभूत रूपले नै गलत ठान्दछौँ । कुन प्रकारको संविधान बनाउने ? त्यो संविधान सभाले निर्णय गर्ने कुरा हो । संविधान सभाको त्यस प्रकारको सार्वभौम अधिकारलाई पहिले नै कुण्ठित गरिएको छ । माओवादी र सात दलीय गठनबन्धन सरकारले पहिले नै अन्तरिम संविधानमा सङ्घीयता सामेल गरेर त्यो संविधान सभालाई त्यो सीमाभित्र नै संविधान बनाउन बाध्य पारे । उनीहरूले पहिले नै संविधान सभाको सार्वभौम अधिकारलाई धेरै कुण्ठित गरिसकेका छन् । मधेशवादीहरूले विभिन्न सम्झौताहरु गरेर संविधान सभा बाहिर नै आफ्ना विभिन्न मागहरु पूरा गराउने र त्यस अनुसार संविधानको निर्माण गर्न संविधान सभालाई बाध्य पार्न प्रयत्न गर्दै आएका छन् । एमाओवादीले पनि पहिले नै संविधानको अन्तरवस्तुमा सहमति कायम गर्ने कुरामा जोड दिँदै आएको छ । अहिले माओवादीले पनि त्यही प्रकारका नीतिमा जोड दिइरहेको छ । विभिन्न पक्षहरूले यस प्रकारको पूर्वशर्तमा जोड दिनुको अर्थ यो हो कि संविधान सभाको संविधान बनाउने सार्वभौम अधिकारलाई दबाएर उनीहरूले आफ्नो धारणा अनुसार संविधान बनाउन चाहान्छन् । मधेशवादीहरूले क्षेत्रीयतावादी रूपमा र जातिवादीहरूले जातिवादी रूपमा नै संविधानको निर्माण गर्न चाहान्छन् । एमाओवादीको क्षेत्रीयतावादी र जातिवादी दुवै पक्षहरूसित गठबन्धन गरेका छन् र माओवादीले जातिवादीहरूसित गठबन्धन गरेका छन् । देशमा क्षेत्रीयतावाद र जातिवादविरूद्ध व्यापक जनमत छ । नवनिर्वाचित संविधान सभाद्वारा उनीहरूको त्यस प्रकारका अवधारणाहरु स्वीकृत हुने कुरामा उनीहरूलाई शङ्का छ । त्यसैले उनीहरूले पहिले नै त्यस प्रकारको अवधारणाहरूबारे सहमति कायम गर्न चाहान्छन् । त्यो वाहेक सरकारको स्वरूप र अन्य विषयहरूमा उनीहरूको जुन अवधारणाहरु छन्, त्यसबारे पनि सहमति कायम गर्न अन्य पक्षहरूलाई बाध्य गर्न चाहान्छन् । त्यही प्रकारको सहमति अर्थात् एकल जातीय आधारमा सहमति नहुँदा उनीहरूले संविधान निर्माण नगरिकन संविधान सभाको विघटन भएको थियो । संविधान सभाको विघटनपछि पनि संविधानका अन्तरवस्तु उनीहरुका अवधारणासित अन्य पक्षहरु सहमत नहुँदा सहमतिको सरकार बनेको थिएन । त्यो कुराले बताउँछ, संविधान निर्माणसम्बन्धी उनीहरूको दृष्टिकोण पूरै अधिनायकवादी प्रकारको छ । उनीहरूको अवधारणा अनुसार संविधान नबने संविधान नै बन्न नदिने वा संविधानसभाको विघटन गर्नसम्म उनीहरु हिचकिचाउने गरेका छैनन् । अहिले पनि उनीहरूमा त्यही प्रकारको प्रवृति दोहोरिने र त्यसबाट संविधान सभाको चुनाव वा संविधान निर्माणको कार्यमा मद्दत पुग्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । अहिले पनि उनीहरूले पहिले नै संविधानको अन्तरवस्तुबारे सहमति हुनु पर्ने कुराले एमाओवादी र माओवादीका विभिन्न पक्षहरूले जसरी जोड दिने गरेका छन्, त्यसले उनीहरूको अधिनायकवादी दृष्टिकोणलाई नै बताउँछ ।

अहिले माओवादी र सत्ता पक्षका बीचमा सहमति हुन नसकेर वा सर्वदलीय सम्मेलन तथा सहमति हुन नसकेर संविधान सभाको चुनाव समयमा हुन सकेन भने त्यसले सम्पूर्ण देशलाई सङ्कटका मुखमा पुऱ्याउने छ । माओवादीले आफ्नो गलत नीतिमा लगातार जोड दिइरहे भने त्यसले संविधान सभाको चुनावका लागि अत्यन्त कठिन स्थितिको सिर्जना गर्नेछ र त्यसका कैयौँ दूरगामी परिणाम हुनेछन् । त्यसैले माओवादीले संविधान सभाको चुनावलाई बहिष्कार गर्ने वा उनीहरूले घोषणा गरे झै त्यसलाई बिथोल्ने प्रयत्न गरे भने देश प्रतिगमनतिर जाने सम्भावना रहनेछ । प्रतिगमनको खतरालाई रोक्न र देशलाई अग्रगमनको दिशामा लैजान संविधान सभाको चुनाव ऐतिहासिक, राष्ट्रिय र निर्णयात्मक आवश्यकता भएको छ । त्यसैले संविधान सभा, संविधानको निर्माण वा गणतन्त्र पक्षधर शक्तिहरूले संविधान सभाको चुनावलाई सफल पार्न पूरा शक्ति लगाउनु पर्दछ । अहिले हुने संविधान सभाको चुनावले देशका सबै समस्याहरूलाई समाधान गर्ने छैन । तर तात्कालिक राष्ट्रिय अवस्थामा त्यसको प्रगतिशील महत्व छ । संविधान सभा सफल हुनेछ वा त्यो असफल हुनेछ ? त्यसले नै यो कुराको फैसला गर्नेछ : देश प्रतिगमनको दिशामा जानेछ वा अग्रगमनको दिशामा ? *(इमेलबाट)*

## काउन्टरमा भाडादर टाँस्न निर्देशन

काठमाडौं । अग्रिम टिकट बिक्री खुला गरिएका काउन्टरमा रूटअनुसारको भाडादर अनिवार्य रूपमा टाँस्न यातायात व्यवस्था विभागले निर्देशन दिएको छ ।

काठमाडौंदेखि गन्तव्यसम्मको दूरी र सो रूटको भाडादर यात्रुले स्पष्ट रूपमा देख्नेगरी टाँस्न निर्देशन दिइएको विभागका महानिर्देशक सुदर्शनप्रसाद ढकालले जानकारी दिए । उपत्यकाबाट देशका विभिन्न स्थानका लागि छुट्ने बसहरूको अग्रिम टिकट बुकिङ मंगलबारबाट खुला गरिएको छ ।

दसैं-तिहारलगायत चाडपर्वको मौकामा सार्वजनिक यातायातका साधनमा हुने टिकटको कालोबजारी रोक्न भाडादर अनिवार्य च्य□रूपमा टाँस्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र त्यसअन्तर्गतका बस समितिलाई निर्देशन दिइएको विभागको भनाइ छ । भाडादर हेरेर मात्र टिकट खरिद गर्न र सोअनुसार नभए विभागले काउन्टरसँगै राखेको यात्रु सहायता कक्ष, ट्राफिक प्रहरी, नेपाल प्रहरी वा विभागमा खबर गर्नसमेत विभागले सर्वसाधारणलाई आग्रह गरेको छ । विभागले उपत्यकाका १२ ठाउँमा स्थापना गर्न लागेको यात्रु सहायता कक्ष आगामी बिहीबारबाट सञ्चालनमा आउँदै छन् । उपत्यकाका नयाँ बसपार्क, पुरानो बसपार्क, कलंकी, जोरपाटी, गौशाला, एयरपोर्ट, कोटेश्वर, सातदोबाटो, स्वयम्भू, बल्खु, कालिमाटी र सुन्धारामा यात्रु सहायता कक्ष राखिँदै छन् ।

टिकटमा कालाबजारी र भाडामा मनपरी हुन नदिन ट्राफिक प्रहरीले पनि अधिकांश काउन्टरमा जनशक्ति खटाएको जनाएको छ । यात्रु सहायता कक्षमा पनि सादा पोसाकका सुरक्षाकर्मी खटाइएको प्रहरीले जनाएको छ । दसैंलगायत ठूला पर्व नजिकिँदै जाँदा लामो दूरीका यात्रुले टिकट पाउन सास्ती बेहोर्दै आएका छन् । बल्लतल्ल टिकट पाउने यात्रुले पनि तोकिएकोभन्दा दोब्बर, तेब्बर बढी भाडा तिर्नुपरेको गुनासो गर्ने गरेका छन् । यसपटक यात्रु नठगिऊन् र सुविधाजनक रूपमा टिकट पाऊन् भन्ने उद्देश्यले विभागले सक्रियता बढाएको विभागकी निर्देशक इन्द्रमाया थपलियाले बताइन् । टिकटमा ठगिएको लागेमा प्रधानमन्त्री कार्यालयमा सञ्चालनमा रहेको हेलो सरकार वा यात्रु सहायता कक्षमा खबर गर्न उनले सर्वसाधारणलाई आग्रह गरिन् ।

# नेपालका प्रमुख समस्याहरु

डा.शास्त्रदत्त पन्त

बि सं २०४७ सालदेखि आजसम्म देश अत्यन्त जर्जर, तरल, अनिश्चित र अन्यौलग्रस्त अवस्थामा पुगेको छ । भाबी नेपालकालागि तत्कालै चालिनुपर्ने दूरगामी महत्वका सबै कामकारवाही अनिर्णित छन् । दलहरूबीच बाद र सिद्धान्तको लडाइँ छँदै छैन, निहित स्वार्थको मात्र लडाइँ छ । राष्ट्रिय लक्ष्य र राष्ट्रिय प्राथमिकता बोकेका दीगो मूलनीति छँदैछैन । जनताले शान्ति सुरक्षाको अनुभूति गर्न पाएका छैनन् । इतिहासमै कहिल्यै नभएको कहालीलाग्दो अवस्थामा ब्यापार घाटा निरन्तर बढिरहेकोछ । निजामती, शिक्षा र प्रहरी सेबामा राजनीतिकरण भईसकेको छ । बांकी रहेको सेनालाई राजनीतिकरण गर्न भरमग्दूर प्रयत्न भईरहेको छ ।

नेपालमा कहिल्यै नभएको महंगी बढेको छ । उत्पादन गर्ने परिश्रमी कृषक र मजदूरले मोल पाएका छैनन् । उपभोक्ताले अत्यधिक महंगीको मार भोग्नु परेकोछ । बिचौलियाले सबैभन्दा धेरै मुनाफा खाने गर्दछन् । बिचौलिया दलका कार्यकर्ता छन् । फेरि आयोजना, उद्योग ब्यापार लगायत यावत् क्षेत्रमा दलले आफ्ना कार्यकर्ता मार्फत् बन्दुक देखाएर अनिवार्य चन्दा उठाउँदछन् । पोखराको हवाइमैदानको तारबारको ठेक्का लिने ठेकेदारबाट माओबादीका कार्यकर्ताले ५० लाख चन्दा उठाएको कुरा सार्बजनिक भएको छ । २०६९को दशैंका लागि नेपालगञ्जबाट खसी र मुस्ताङबाट पोखरासम्म भेडाच्याँग्रा ल्याउने ब्यापारीले प्रति गोटा तीन हजारसम्म चन्दा दिएको कुरा पनि सार्बजनिक भएको छ । यी सबै चन्दा उठाउने काम प्रमुख भनिने दलका स्थानीय कार्यकर्ताले गर्दछन् । मेलम्ची जस्ता ठूला आयोजनाबाट दलका नेताले ३५ लाख र ठूला दल प्रत्येकले १८ करोडका दरले चन्दा असुलेको चर्चा नसुन्ने पनि कोही बांकी छैन । त्यसै गरेर स्थानीयले स्थानीय पूर्वाधारका लागि भनेर त्यत्तिनै चन्दा उठाउँदछन् । यसरी बिडम्बना स्वरुप दलीय ब्यबस्था नै महंगीको कारक तत्व भएको छ । यो बिकासोन्मुख देशको रोग भएपनि नेपाल चाहिं असाध्य अवस्थामा पुगेको छ । साम्यबादी र गरीवलाई उठाउने नारा लगाएर बिपन्न र अचेतन समाजको बलले माथि उठेको तथाकथित साम्यबादी दलले सामन्तबादी, अनैतिक लुटबादी, उग्रपुंजीबादी सोच राखेर यसरी चन्दा, ढांट, कमिशन, ठेकेदारी र अथाह भ्रष्टाचार गर्ने हो भने नेपालका गरीवहरू महाकङ्गाल हुनेछन्, तिनीहरु मध्ये कतिपयले आत्महत्या समेत गर्नेछन् । सम्पन्न जति बिपन्न बन्नेछन् । त्यसपछि सबैले थाहा पाउनेछन् कि साम्यबादी व्यवस्था भनेको गरीवलाई धनी बनाउने व्यवस्था होइन, यो त धनीलाई पनि गरीव बनाउने व्यवस्था हो ।

२. सरकार असफल छ । सर्बत्र असफल छ । सीमाको सुरक्षा गर्न सकेको छैन । जनतालाई शान्ति सुरक्षा दिन सकेको छैन । अमन चयन त टाढैको कुरा भएको छ । मानव अधिकार, प्रेस स्वतन्त्रता, मौलिक हकको संरक्षण गर्न सकेको छैन । सरकारले संरक्षण गरेको समुहमा केवल ज्यानमारा अपराधी, तस्कर, काला बजारी, सामाजिक अपराधी र घूसखोरी मात्र छन् । अन्यायको बिरोधमा कोही बोल्यो भने तल्लो दण्ड भनेको कुटाई खानुपर्दछ । कसैले बोल्ने साहस गर्न हुँदैन । भीडले जे भन्दछ त्यसैमा सहि गर्नु पर्दछ । यसले गर्दा हिसा, हत्या, डकैती, बलात्कार, अपहरण, फिरौती, लुट जस्ता कुराले शहरदेखि दूरदराजका गाउँसम्म सन्त्रासको जीवन कायम छ ।

परिवर्तनको मूल कुरा भनेको सार्बभौमसत्ता जनतामा निहित हुने भनिएको हो, शुद्ध प्रजातन्त्र भनिएको हो । तर स्वच्छ, तथ्ययुक्त, परिपक्व र निर्भिक भएर बोल्न वा बहस गर्न नपाइएपछि कहाँ प्रजातन्त्र हुन्छ? कहाँ प्रजातान्त्रिक अभ्यास हुन्छ ? कहाँ प्रजातन्त्र बलियो हुन्छ ?

३. कुनै पनि राष्ट्रलाई कमजोर बनाउनु छ भने पहिले त्यहाँका जनतालाई नैतिक पतन गराउनु पर्दछ । ईशाई मत प्रचारक नेपाल भरिका ३० हजार सक्रिय गैसर्स मध्ये दुई तिहाइले यही काम गरेका छन् भन्ने अनुमान छ । तिनले दलका कार्यकर्ता र कर्मचारी को नैतिक पतन गराएका छन् । ब्यापारी र उद्योगपतिको नैतिक पतन गराएका छन् । यति धेरै पतित भएको छ कि एउटा कुनै नीतिवान् व्यक्तिले निस्कलंक भएर काम गरे पनि उसमाथि शंका नै गरिन्छ । अर्थात् यतिखेर कसैको कसैमाथि विश्वास छैन । यसलाई चीरफार गर्न कुनै बिशुद्ध आदर्श नयाँ सगठन बनाउने हो भने पनि त्यसमाथि अरूको विश्वास हुँदैन ।

नेपालभरका विविध जाति, व्यवसाय, धर्म, संस्कृति संस्कारका बिच विद्यमान अनेकतामा एकताको संस्कार भत्काउन पहिले उनीहरु सबैलाई राष्ट्रियताबाट बिमुख गराइएको छ । आपसमा फाटो बढाइएको छ । जातीय राज्य, जातीय पहिचान, आरक्षण, बाहुनबाद, आत्मनिर्णयको अधिकार जस्ता कुरा भनेर अलमल्याइएको छ । साम्प्रदायिक सद्भाव बिथोल्ने मात्र कार्यक्रममा अरबौ बिदेशी रकम लगानी गरिएकोछ । चेचन्या र पूर्वी टिमोरमा त्यसै गरिएको थियो । इस्लामिक मुलुकमा सिया र सुन्नीबिच भ्रूगडा गराइए भैँ नेपालमा जातजात जातिजाति बीच लडाउँदै लगिएको छ । लेबनानमा ईशाई र मुसलमान जात बीच राज्य बाँड्ने जस्ता वातावरण बने भैँ नेपालमा त्यस्तै हर्कत थालिएको छ ।

यसरी यतिखेर दशैँमा खसी काटेर बिलो लगाए भै देश नै चोक्टाचोक्टा बनाउनेमा उक्साइएका जनसमुदाय उद्यत रहेको पाइन्छ । देशको स्वतन्त्रता, अखण्डता, एकता समाप्त भयो भने नेपालीको अस्तित्व पनि समाप्त भई सिक्किमका नेपालीको जस्तो हुन्छ । भुटानका नेपालीको जस्तो हुन्छ । शरीर नै नरहे उसले लगाउने महंगा लुगा, चौरासी ब्यञ्जनका खाने कुराको कुनै अर्थ नभए भैँ देश नै नरहे अरू कुनै कुराको कुनै महत्व रहँदैन ।

कुनै पनि परिवर्तनको लागि कारण हुन्छ । आम जनताले त्यसलाई आत्मसात् गरेको हुनु पर्दछ । त्यसबाट हुने दूरगामी असर फाइदा बेफाइदाको पुष्टि हुनु पर्दछ । २०४७ को संबिधानमा के र किन खरावी छ, राजसंस्था किन नचाहिएको हो, हिन्दुराष्ट्रको पहिचान किन मिटाउनु पर्ने हो, मधेशलाई किन एउटै ठूलो र नमिल्दो राज्य बनाउनु परेको हो, आरक्षण किन र कसरी चाहिएको हो , यी सबै परिबर्तनले देश कति समयमा कस्तो बनाइने हो ? कुनै पनि कुराको तथ्यले पुष्टि भएको छैन । 'रअ' र 'ईशाई' ले लामो र गहन अध्ययन गरेर, ठूलो खोज गरेपछि आफ्ना हितका लागि, आफ्ना स्वार्थ सिद्धिकालागि ती योजना ल्याएका हुन्, त्यसो भनिदिएका हुन् । तर नेपालीले कुनै कुरा नबुझी डलर पाएका भरमा फटाफट कार्यान्वयन गर्दै गएका छन् । यथार्थमा अन्धोपन र मूढपन देखाएका छन् ।

२०३३ सालमा बनाएको मूलनीतिलाई दशबर्षसम्म गहन खोज र प्रयोगबाट २०४२ सालमा लागु गरिएको मूलनीति विनाकारण हटाइएको छ । त्यस्तै गरेर बनाइएको तथा विश्वका ११६ देशले मान्यता दिएको 'शान्तिक्षेत्र' इन्डियाले हटाऊ भन्दैमा दलहरुले हटाई दिएकाछन् । दलमा भारत बाहेक विश्वका अरू देशसंग कुनै सरोकार नराखेपनि हुने भावना रहेको देखिन्छ । २२ वर्ष सम्म अनवरत प्रयोग गरेर बनाइएको तथा राजिब गान्धी लगायत विश्वका बिकासोन्मुख देशले उत्कृष्ट मानेको बिकेन्द्रिकरण पद्धतिलाई आफ्नो निहित स्वार्थको साधन गर्न चाहने बाहिरि तत्वले भनेका भरमा दलले त्यसलाई खारेज नै गरिदिएकाछन् । ती बिदेशीले नेपाललाई बिपन्न र आपसमा लडिरहने गरी बिभाजन गराउन चाहन्छन् । त्यतिमात्र होइन १८ बर्षसम्म चुनावै नगराई दल र दलका भातृसंस्थाले ब्रह्मलुट गरेर खाने थलो बनाइएको छ । अनि यस्तैलाई लोकतन्त्र भनिन्छ ? लामो खोजपछि काठमाण्डु केन्द्रित बिकास गतिले देशको संतुलित बिकास हुन नसक्ने महसुस गरी देशलाई संघात्मक स्वरूपको बनाएर बिकास गति द्रुततर बनाउन लामो अध्ययन, ठूलो खोज र प्रयोगबाट सिद्ध गराएर ५ वटा बिकास क्षेत्र बनाइएको हो । त्यसै नीति अनुसार राष्ट्रिय विकास परिषदमा ७५ वटै जिल्ला सभापतिलाई समाबेश गरिसकिएको थियो । क्षेत्रक्षेत्रमा तत्तत् क्षेत्रका गाउँ र जिल्ला पञ्चायतबाट आफुमध्येबाट प्रतिनिधि चुनेर क्षेत्रमा पठाउने नीति बनेको थियो । त्यसमा उच्च पदस्थ निजामती, सुरक्षासंग सम्बन्धित तथा बिबिध विषयका बिज्ञ समेत रहने क्षेत्रीय आयोगबाट देशको शासन चलाउने संघात्मक रूप दिइएको थियो । केन्द्रको अधिकार गाउँ, जिल्ला, अञ्चल तथा क्षेत्रमा समेत बिकेन्द्रित गरी गरिने व्यापक संघीय व्यवस्थाबाट सबै ठाउँका सबै जात, धर्म व्यवसायका मानिसको जनसंख्याको अनुपातमा स्वतः प्रतिनिधित्व हुने स्वतः समाबेशी हुने विज्ञान सम्मत आफ्नै मौलिकपनको संघात्मक पद्धतिका विषयवस्तुलाई तथा प्रयोगसिद्ध गरेर निर्माण गरेका बिकास नीतिलाई त्यसै अलपत्र छोडेर एकाएक कहीँ कतै नमिल्ने मनगढन्ते व्यक्तिबादी लहडका भरमा तथा बिदेशीको स्वार्थमा प्रेरित भएका कुरालाई लागु गर्न अनर्गल प्रयत्न गरिरहेका छन् । आजको यस्तो जातीय संघराज्यको माग बहुलठ्ठीपन बाहेक अरू केही होइन ।

**नेपालमा कहिल्यै नभएको महंगी बढेको छ । उत्पादन गर्ने परिश्रमी कृषक र मजदूरले मोल पाएका छैनन् । उपभोक्ताले अत्यधिक महंगीको मार भोग्नु परेकोछ । बिचौलियाले सबैभन्दा धेरै मुनाफा खाने गर्दछन् । बिचौलिया दलका कार्यकर्ता छन् । फेरि आयोजना, उद्योग ब्यापार लगायत यावत् क्षेत्रमा दलले आफ्ना कार्यकर्ता मार्फत् बन्दुक देखाएर अनिवार्य चन्दा उठाउँदछन् । पोखराको हवाइमैदानको तारबारको ठेक्का लिने ठेकेदारबाट माओबादीका कार्यकर्ताले ५० लाख चन्दा उठाएको कुरा सार्बजनिक भएको छ ।**

## vjsb

### बिमललाई कप्तानी

काठमाडौं । आसन्न एसियाली फुटबल महासंघ (एएफसी) यू-१६ च्याम्पियनसिप २०१४ अन्तर्गत समूह 'सी'को छनोट खेलमा नेपाली टोलीको नेतृत्व स्ट्राइकर बिमल घर्तीमगरले गर्ने भएका छन् । यू-१६ टोलीका प्रशिक्षक बालगोपाल महर्जनले बिमललाई कप्तान जिम्मेवारी दिइएको जानकारी दिए ।

यसअघि मिडफिल्डर हेमन्त थापामगरले यू-१६ टोलीको नेतृत्व गर्दै आएका थिए । गत ५ देखि १५ साउनसम्म काठमाडौं सम्पन्न यू-१६ साफ च्याम्पियनसिपमा नेपाल उपविजेता हुँदा हेमन्त नै कप्तान थिए । नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो ।



प्रशिक्षक महर्जनले अनुभव र सिनियरको हिसाबले बिमललाई कप्तानीको जिम्मेवारी दिइएको बताएका छन् । 'बिमलले सिनियर राष्ट्रिय टोलीबाट समेत खेलेर गोल गरिसकेका छन्, त्यसैले उनी सिनियर र अनुभवी पनि भए, त्यसैले उनलाई कप्तानी दिएका हौं,' प्रशिक्षक महर्जनले भने । गत साता आठौं दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिपमा बिमलले पाकिस्तानविरूद्ध गोल फर्काएका थिए । बिमलको गोलसँगै नेपालले पाकिस्तानसँगको सम्भावित हार टारेको थियो । नयाँ जिम्मेवारीले बिमलको हौसला बढ्ने प्रशिक्षक महर्जनको विश्वास छ । 'उनी राम्रा खेलाडी हुन्, राम्रो अनुभवका कारण टोलीको नेतृत्व पनि राम्रो गर्न सक्छन्,' उनले भने, 'नयाँ जिम्मेवारीले उनलाई थप जिम्मेवार र राम्रो प्रदर्शन गर्न प्रेरणा दिनेछ ।'

१५ वर्षकै उमेरमा सिनियर राष्ट्रिय टोलीबाट डेब्यु गर्दै अन्तर्राष्ट्रिय गोलसमेत गरिसकेका बिमलले मंगलबार थ्रीस्टारविरूद्धको खेलमा पहिलोपटक कप्तानीको 'आर्मब्यान्ड' पहिरिएका थिए । आधिकारिक रूपमा बिमलले अर्को बुधबारबाट दशरथ रंगशालामै सुरू हुने एएफसी यू-१६ च्याम्पियनसिपमा पहिलोपटक नेपाली टोलीको नेतृत्व गर्नेछन् । एक वर्षअघि नै बंगलादेशविरूद्धको मैत्रीपूर्ण खेलबाट सिनियर टोलीमा डेब्यु गरेका बिमलले राष्ट्रिय टोलीबाट चार क्यापसमेत जितिसकेका छन् ।

### अम्पायर कुट्ने क्रिकेटरलाई कारबाही

काठमाडौं । वाइवाइ यू-१९ क्षेत्रीय टिम छनोट खेलमा अम्पायरमाथि दुर्व्यवहार गर्ने ललितपुरका क्रिकेटर प्रशन्न शाक्य कारबाहीमा परेका छन् । शाक्यलाई काठमाडौं जिल्ला क्रिकेट संघले ६ महिनासम्म कुनै पनि घरेलु प्रतियोगिता खेल्न नपाउने गरी कारबाही गरेको हो । गत १९ माघमा सम्पन्न क्षेत्रीय टिम छनोट प्रतियोगिताअन्तर्गत भक्तपुरमा भएको खेलका क्रममा शाक्यले रेफ्रीद्वय रवीन्द्र गुप्ता र सुशील यादवमाथि दुर्व्यवहार गरेका थिए । संघले अम्पायरको जुरीका आधारमा छानबिन गर्दा शाक्यलाई दोषी पाइएकाले कारबाही गरिएको जनाएको छ ।

संघले बुधबार विज्ञप्ति जारी गरी शाक्यले आगामी ६ महिनासम्म जिल्ला, क्षेत्र र नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गर्ने कुनै पनि प्रतियोगितामा सहभागिता जनाउन नपाउने गरी प्रतिबन्ध लगाएको जनाएको छ । 'क्रिकेटर शाक्यले खेलका दौरान अम्पायरमाथि दुर्व्यवहार गरेको पाइएकाले उनलाई गत वैशाखबाट लागू हुनेगरी जिल्ला, क्षेत्र र क्यानले आयोजना गर्ने कुनै पनि प्रतियोगिता खेल्न नपाउने गरी प्रतिबन्ध लगाइएको छ,' विज्ञप्तिमा भनिएको छ । एक वर्षको प्रतिबन्ध गर्न लागिए पनि ललितपुर जिल्ला क्रिकेट संघको विशेष अनुरोध तथा खेलाडीको भविष्यलाई ध्यानमा राख्दै ६ महिनाका लागि मात्रै कारबाही गरिएको जनाइएको छ ।

### रूनीको दुई सयौं गोल



लन्डन । इंग्लिस स्ट्राइकर वायनी रूनीले दुई गोल गरेपछि मंगलबार राति च्याम्पियन्स लिगअन्तर्गत समूह 'ए'मा म्यानचेस्टर युनाइटेडले बायर्न लिभरकुसनलाई ४-२ ले पराजित गरेको छ । यस गोलसँगै रूनीले म्यानचेस्टरका लागि आफ्नो दुई सयौं गोल पूरा गरेका छन् । खेलको २२औं मिनेटमा म्यानचेस्टरलाई १-० अघि राखेका रूनीले खेलको ७०औं मिनेटमा थप गोल गर्दै आफ्नो दुई सयौं गोल पूरा गरेका हुन् । जर्मनी क्लबविरूद्ध प्रभावशाली जित दर्ता गरेपछि प्रशिक्षक डेभिड मोयसले राहत महसुस गरेका छन् । प्रिमियरसिपमा सात अंकका सातौं स्थानमा रहेको म्यानचेस्टरले च्याम्पियन्स लिगको समूह चरणमा उत्कृष्ट सुरुवात गरेको प्रशिक्षक मोयसले बताएका छन् । गत सिजनमा म्यानचेस्टर समूह चरणबाटै बाहिरिएको थियो ।

प्रतिस्पर्धामा रूनी र डच स्ट्राइकर रोबिन भान पर्सी सुरुवाती मिनेटमा नजिकको दूरीबाट गोल गर्न चुकेका थिए । तर, रूनीले २२औं मिनेटमा म्यानचेस्टरलाई १-० ले अघि बढाएपछि भान पर्सीको समेत आत्मविश्वास बढ्यो । खेलको ५४औं मिनेटमा लिभरकुसनले १-१ को बराबरी गऱ्यो । सिमोन राल्फेसले बराबरी गोल फर्काएका हुन् । खेलको ५९औं मिनेटमा भान पर्सीले २-१ का लागि गोल गरे । खेलको ७९औं मिनेटमा एन्टोनिओ भ्यालेन्सियाले म्यानचेस्टरलाई ४-१ को स्थितिमा पुऱ्याए । खेलको ८८औं मिनेटमा ओमर टोप्राकले लिभरकुसनलाई ४-२ को गोलअन्तरमा भ्रारेका थिए । समूह 'ए'को अर्को खेलमा स्पेनिस क्लब रियल सोसिडाडमाथि साख्तर डोनेस्टले २-० को जित निकाल्यो ।

# बेरोजगार युवा लागुपदार्थको कुलतमा

*टमी ट्रेनचार्ड*

फ्रिटाउन । सियरालिओनको राजधानी सहर फ्रिटाउनको विपन्न मानिसहरु बसोबास गर्ने ठाउँको मेम्बर अफ ब्लड ( एमओबी) समूहमा आबद्ध गिब्रिल्ला (२३) ले गाँजा माड्दा निस्केको बोफिलो गन्ध हावामा उडिरहेको छ । उनी आजको युवापुस्ताको प्रतिनिधि पात्र हुन् जसले बेरोजगारीको सख्त सामना गर्नु परिरहेको छ । उनीजस्ता धेरैले समय कटाउन र तनावबाट मुक्ति पाउन नियमितरुपमा लागुपदार्थको सेवन गर्न थालेका छन् । यो मुलुक विश्वकै गरिबमध्येको एक हो । "यहाँका अधिकांश युवाले गाँजा सेवन गर्छन्," सुसान बे तर्फ देखाउँदै गिब्रिल्ला भन्छन् । उनी आफूले ११ वर्षको हुँदादेखि नै सूर्ति सेवन गरिरहेको र हरेक दिन करिब १५ पटक गाँजा पिइरहेको बताउँछन् । "म ब्यूँझनासाथ बिहानको पाँच बजेतिर नै पहिलो सर्को तान्छु," उनले आईपीएसलाई बताए । "यसले मलाई आनन्दित अनुभूति गराउँछ ।"

सियरालिओनको उच्च बेरोजगारी दरले सहरी युवाबीच लागुपदार्थको प्रयोगको संस्कृतिलाई बढावा दिइरहेको छ । विज्ञहरूको भनाइमा यही प्रवृत्ति हिंसात्मक अपराधका निम्ति जिम्मेवार पनि छ । चिकित्साकर्मीहरु दीर्घकालीन सेवनकर्ताहरुमा देखा पर्ने गम्भीर स्वास्थ्य दुस्परिणामबाट निकै चिन्तित छन् किनभने यस देशमा यी गम्भीर स्वास्थ्य समस्या सम्बोधन गर्ने व्यवस्था निकै कमजोर छ । सहरको अर्को भागमा बसोबास गर्ने करिब २० वर्षका प्याट्रिक लागुपदार्थसँग आफ्नो सम्बन्ध निकै लामो रहेको सुनाउँछन् । "म कोकिन, गाँजा, ब्राउन सुगर र मदिरा पिउँछु," उनले आईपीएसलाई बताए । "मैले यस्तो जीवन बिताउने सोचेको पनि थिइनँ । म सडकमा जीवन व्यतित गरिरहेको छु, र कहिलेकाहिँ म सुत्ने ठाउँ पनि भेट्टाउँदिन । मसँग केही छैन ।" प्याट्रिकलाई आजभोलि दिन बिताउनकै लागि पनि लागुपदार्थ र मदिरा नभई नहुने वस्तु भएका छन् । "यी वस्तु पाइनँ भने म निकै निराश हुन्छु, तनावमा पर्छु," उनले बताए ।

शरीरभर ट्याटु खोपेका उनका साथी आलिमुको कपाल समूहका साथीहरूले खौरीदिएका छन् र उनी पनि प्याट्रिककै जस्तो अवस्थामा छन् । "म अब यसलाई रोक्न चाहन्न । मलाई यो जरुरी हुन्छ," उनी भन्छन् । आलिमुलाई दिनमा कतिपटक यो सेवन गर्छु भन्ने थाहा पनि छैन । उनी आफूसँग रहेको सबै पैसा यही लागुपदार्थ र मदिरा किन्नमै खर्च गर्छन् । सियरालिओन प्रहरी बलका सहायक निरीक्षक इब्राहीम सामुरा लागुपदार्थ र दुर्व्यसनको बढ्दो प्रयोगका बारेमा आफूलाई थाहा भएको बताउँछन् । "पहिलेभन्दा आजभोलि यसको प्रयोग निक्कै बढेको छ, एम्फीटामिन, भाँग र हेरोइन सबै समस्याका रुपमा देखिएका छन्," उनी भन्छन् । उनको भनाइमा भाँग सबैभन्दा बढी पाइने गरेको छ । "भाँग आजभोलि प्रायः सबै जिल्लामा उत्पादन भइरहेको छ । उत्तरका केही क्षेत्रमा त सटही मुद्राका रुपमा प्रयोग भइरहेको छ ।"

सामुराको विचारमा मुलुकको एघार वर्षे गृहयुद्धको क्रममा र त्यसपछि लागुपदार्थको प्रयोग र दुर्व्यसनमा ठूलो वृद्धि भएको हो । "मानिसहरूले युद्धका तनावलाई झेल्नका निम्ति लागुपदार्थको प्रयोग गर्दथे," उनले भने ।

डा. एडवार्ड नाहिम विगत ४० वर्षदेखि सियरालिओनमा लागुपदार्थ र मानसिक स्वास्थ्य सवालमा काम गरिरहेका छन् । उनी केही हदसम्म यो समस्या गृहयुद्धसँग जोडिएको कुरामा सहमति जनाउँछन् । "द्वन्द्व स्वयमले यसमा योगदान पुऱ्याएको हुन सक्छ, किनभने एकपटक खराब बानीव्यहोरा सिकेपछि त्यसलाई रोक्न कठिन हुन्छ ।" तर सियरालिओनमा रोजगारका अवसरको कमीसँग लागुपदार्थको कुलत जोडिएको उनको ठम्याइ छ । "बेरोजगार युवामै यस्तो समस्या बढी देखिएको छ, किनभने उनीहरूसँग गर्नका निम्ति केही काम नै छैन । उनीहरूले सबैभन्दा बढी समय बिताउने ठाउँहरूमा लागुपदार्थका अखाडा नै हुन्छन्," उनी भन्छन् । गरिब र पीडामा उल्फेका युवाले निराशाबाट मुक्ती पाउन पनि लागुपदार्थको सेवन गरिरहेका हुन्छन्, सामुरा भन्छन् । विश्व बैंकका अनुसार सियरालिओनमा युवा बेरोजगारी दर ७० प्रतिशतको हाराहारीमा रहेको छ । फ्रिटाउनमा लागुपदार्थका धेरैजसो प्रयोगकर्ताहरूको भनाइमा यदि सरकारले उनीहरूलाई रोजगारी दिएमा लागुपदार्थ र मदिराको प्रयोगमा अवश्य कमी आउँछ । "यदि मैले काम पाएँ भने म लागुपदार्थको सेवन रोक्छु," गिब्रिल्ला भन्छन् । "तर बिहानीपख काममा म जान पाइनँ भने म त्यतिकै गाँजा सेवन गरेर बस्छु ।"

(आई.पी.एस./एन्.पी.आई.)

## /Elg va/

### 'इच्छा'ले निर्देशक बनायो मुनाललाई

काठमाडौं । फिल्म निर्माताको रूपमा पहिचान बनाएका युवा निर्माता मुनाल घिमिरे अब निर्देशकका रूपमा दर्शकमाझ प्रस्तुत हुँदैछन् । 'आफ्नो मान्छे आफ्नै हुन्छ' र 'श्रीमान श्रीमति' जस्ता सफल फिल्म बनाएका घिमिरे फिल्म 'इच्छा'मार्फत निर्देशकका रूपमा डेब्यु



गरेका हुन् । फिल्मको मंगलबार राजधानीमा एक कार्यक्रम गरी शुभसाइत गरिएको छ ।

फिल्मका कलाकार सुवास थापा, दयाहाङ राई र दीपशिखा शाहीले संवाद बोलेर फिल्मको शुभसाइत गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि नेपाल चलचित्र निर्माता संघका अध्यक्ष राजकुमार राई, नेपाल चलचित्र संघका महासचिव प्रदीप उदय, डीसीएनका प्रबन्धक अशोक शर्मालगायतले फिल्मको सफलताको कामना गरेका थिए । निर्देशक घिमिरेले फिल्मले आफुले इच्छाएको कामलाई युवायुवतीले कसरी पुरा गर्छन भन्ने कुरा व्यक्त गर्ने बताए ।

बीएलएम फिल्मस्को व्यानरमा निर्माण हुने फिल्ममा नविन श्रेष्ठ, लक्ष्मण पौडेल र प्रकाश घिमिरे निर्माता छन् भने रोम वली कार्यकारी निर्माता छन् । फिल्ममा अनुमति, आयुष्मा कार्की, रश्मी भट्टलगायतका कलाकारको पनि अभिनय रहनेछ । प्रकाश घिमिरेको लेखन, प्रदिप भारद्वाजको पुनर्लेखन, रोशन श्रेष्ठको द्वन्द्व, गम्भीर विष्टको नृत्य, विपिन सागर र करणराज कार्कीको संगीत, लोकराज अधिकारी र बसन्त बहारको गीत तथा रामशरण उप्रेतीको छायांकन रहेको छ । फिल्म बुधबारबाट सुटिङका लागि फ्लोरमा जाने निर्देशक घिमिरेले जानकारी दिए ।



### वितरक बने क्रेजी

काठमाडौं । नेपाली फिल्महरूको निर्माण संख्यात्मक रूपमा बढिरहेको अवस्थामा वितरकहरूको संख्या पनि बढ्न थालेको छ । पछिल्लो समय 'जंजीर' फिल्म निर्माण गरेका निर्माता करण श्रेष्ठ 'क्रेजी' पनि जंजीरको सफलतासँगै अब फिल्म वितरक भएका छन् । आगामी कार्तिक १ गतेबाट प्रदर्शनमा आउन लागेको महेन्द्र बुढाथोकीद्वारा निर्माण एवम् निर्देशन गरिएको फिल्म 'स्टार' को वितरणको जिम्मा लिएर क्रेजीले वितरणमा हात हालेका हुन् ।

ओम र जंजीर गरी दुईवटा फिल्म निर्माण गरिसकेका क्रेजी आफूले निर्माताहरूको समस्या बुझेको र जिम्मा लिएका फिल्महरूको प्रदर्शन भएपछि उठेको रकम जतिसक्दो चाँडो निर्माताको हातमा पुऱ्याउन कटिबद्ध रहेको बताउँछन् ।

फिल्म निर्माणका साथसाथै फिल्म वितरणसमेत गरेर नेपाली फिल्म उद्योगको विकास एवम् प्रवर्द्धन गर्न निरन्तर लागिपर्ने बताउने क्रेजीले केआर इन्टरटेनमेन्ट प्रा.लि.को व्यानरमा फिल्म निर्माण गर्दै आएका छन् भने वितरण पनि सोही कम्पनीबाटै गर्ने बताउँछन् ।

## sk{/6

### मेघा बैंकको रक्तदान

काठमाडौं । मेगा बैंक नेपाल र लायन्स क्लब काठमाडौं समृद्धिले बुधबार राजधानीमा रक्तदान कार्यक्रम आयोजना गरेका छन् । कार्यक्रममा एक सय ४३ जनाले रक्तदान गरेको बैंकले जनाएको छ । मुख्य कार्यालय कान्तिपथमा आयोजना गरिएको कार्यक्रममा बैंक कर्मचारी, लायन्स क्लबका सदस्य, सशस्त्र प्रहरी, विद्यार्थीलगायत विभिन्न क्षेत्र र व्यवसायमा आबद्धले रक्तदान गरेका थिए । बैंकका प्रमुख कार्यकारी अधिकृत अनील केशरी शाहले रक्तदान कार्यक्रम शुभारम्भ गरेका थिए । दसैं-तिहारलगायत चाडपर्वमा राजधानीमा रगत अभाव हुने हुँदा रक्तदान कार्यक्रम आयोजना गरिएको लायन्स क्लब अफ काठमाडौं समृद्धिका अध्यक्षसमेत रहेका मेगा बैंक मुख्य शाखाका प्रबन्धक शम्भुबहादुर थापाले जानकारी दिए ।

### सिभिल बैंकको मास्टर कार्ड सेवा

काठमाडौं । सिभिल बैंकले मास्टरकार्ड सेवा सुरू गरेको छ । १ सय १० मुलुकभन्दा बढीमा स्वीकार्य तीन प्रकारका मास्टरकार्ड सेवा सुरु गरिएको बैंकले जनाएको छ । बैंकले प्रयोगमा ल्याएको गोल्ड, सिल्भर र डलर मास्टरकार्डमा डेबिट कार्ड, डलर खाता कार्ड र प्रिपेड कार्ड रहेका छन् । बैंकले जारी गरेको मास्टरकार्ड नेपाल र भारतका सबै एटीएममा प्रयोग गर्न सकिने प्रमुख कार्यकारी अधिकृत किशोर महर्जनले बताए ।

डलर मास्टरकार्ड विश्वभर चल्ने बैंकले जनाएको छ । बैंकले उपलब्ध गराएको प्रिपेड मास्टरकार्ड बैंकमा खाता नभएका व्यक्तिले पनि प्रयोग गर्न सक्नेछन् । यस्तो कार्ड विदेश यात्रा, खरिदलगायतमा प्रयोग गर्न सकिनेछ । सिभिल बैंकले छिट्टै मोबाइल फाइनान्सियल सर्भिसेज ( एमएफएस) पनि सञ्चालन गर्ने बताएको छ । यस्तो सेवामा मोबाइल फोनमार्फत सबै कारोबार गर्न सकिनेछ । आगामी २ महिनाभित्र सञ्चालन गर्ने योजना रहेको महर्जनले जानकारी दिए ।

### आइएमई काउन्टरबाट स्कुल फी

काठमाडौं । रेमिट कम्पनी आइएमईले एजेन्टमार्फत स्कुल फी तिर्न सकिने सेवा सुरु गरेको छ । ग्लोबल आइएमई बैंक र स्कुल सञ्चालकसँगको सहकार्यमा कम्पनीले सेवा सुरु गरेको हो ।कम्पनीले बुधबार राजधानीमा आयोजना गरेको पत्रकार सम्मेलनमा पहिलो चरणमा २५ वटा स्कुल फी अभिभावकले मुलुकभरका आइएमई एजेन्टमार्फत जहाँबाट पनि भुक्तानी गर्न सक्ने जानकारी दिइएको थियो । अभिभावकले पायक पर्ने काउन्टरमा उपलब्ध फाराम भरी रकम बुझाएपछि पाउने रिसिप्ट स्कुलको फी बुझाएको रिसिप्ट मानिनेछ ।

स्कुलले आफ्नो खातामा जम्मा भएको अनलाइन चेक गर्न सक्नेछ । यसबाट अभिभावकलाई स्कुल पुग्ने समय बचत हुने कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले जानकारी दिए । पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार हाल कम्पनीले प्रतिकारोबार एक सय रुपैयाँ शुल्क निर्धारण गरेको छ । कारोबार बढेपछि प्रतिइकाइ लागत घट्ने र शुल्क सस्तो हुने कम्पनीको दाबी छ ।कम्पनीले आफ्ना एजेन्ट र ग्लोबल आइएमई बैंकसँग लिंक हुने गरी सफ्टवेयर इन्स्टल गरिएको बताएको छ । सम्झौता गरेका स्कुलले ग्लोबल आइएमई बैंकमा खाता खोल्नुपर्नेछ । आइएमई एजेन्टमा जम्मा गरेको रकम सम्बन्धित स्कुलको खातामा जम्मा हुन्छ । यसलाई पछि मोबाइल बैंकिङमा स्तरोन्नति गर्ने योजना रहेको बैंकका सिइओ आरआर बज्राचार्यले बताए ।

### ग्लोबल आइएमईबाट यातायातको राजस्व संकलन

काठमाडौं । ग्लोबल आइएमई बैंकले मंगलबारदेखि मुलुकका विभिन्न स्थानमा रहेका यातायात व्यवस्था कार्यालयमा राजस्व संकलन सुरू गरेको छ । बैंकले नारायणीको वीरगन्ज, गण्डकीको पोखरा र कोसीको इटहरीमा रहेका यातायात कार्यालयमा स्थापना गरिएका बैंकका एक्सटेन्सन काउन्टरमार्फत राजस्व संकलन सुरु गरेको हो ।

यसअघि बैंकले परराष्ट्र मन्त्रालय राहदानी विभाग, कान्तिपथ काठमाडौं, महानगरीय ट्राफिक प्रहरी प्रभाग, रामशाहपथ, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरलगायत स्थानमा राजस्व संकलन कार्य गर्दै आएको छ । मुलुकका विभिन्न स्थानमा बैंकिङ पहुँच पुऱ्याउने उद्देश्यले बैंकले ७१ शाखा, ६९ एटिएम, ७ वटा एक्सटेन्सन काउन्टर, १६ वटा शाखारहित बैंकिङमार्फत सेवा सञ्चालन गर्दै आएको जनाएको छ ।

### सिटिजन्सको साधारणसभा हुने

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनलको सातौं वार्षिक साधारणसभा आउँदो २२ असोजमा हुने भएको छ । राष्ट्र बैंकबाट साधारणसभाको स्वीकृति पाएपछि मंगलबार बसेको सञ्चालक समितिको १२८औं बैठकले साधारणसभाको मिति तय गरेको हो ।साधारणसभामा वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सेयरधनीले कम्पनीको मुख्य कार्यालय कमलादी तथा सेयर रजिस्ट्रार एलिट क्यापिटलमा आई प्राप्त गर्नसक्ने बैंकले जनाएको छ ।

### हिमालयनबाट चाइना युनियनको कार्ड

काठमाडौं । हिमालयन बैंक लिमिटेड र मित्रराष्ट्र चीनको प्रमुख कार्ड प्रदायक संस्था 'चाइना युनियन पे'बीच नेपालमा उक्त कम्पनीको कार्ड बैंकिङ प्रयोजनका लागि स्वीकार गर्ने कार्य सुरु भएको छ । यसबाट 'युनियन पे' कार्डहरु नेपालमा हिमालयन बैंकको बैंकिङ सञ्जालअन्तर्गतका व्यावसायिक तथा व्यापारिक सेवा केन्द्रमा प्रयोग गर्न सकिने हिमालयन बैंकले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । जसअनुसार हिमालयन बैंकको ९ सय तथा बैंकको पार्टनर नेटवर्क अल्पाइन कार्डस्को '९५० पिओएस' सेवा केन्द्रमा 'युनियन पे'का कार्ड प्रयोग गर्न सकिने भएको छ । हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणाले नेपालमा 'युनियन पे'को सहयात्रीको रुपमा हिमालयन बैंक छनोट हुनु गौरवको विषय भएको बताए ।

## एमालेले...

पुनर्गठन गरेर आफ्नो बोली र व्यावहार फरक रहेको चरित्र प्रर्दशन गरेको छ । युथफोर्सलाई आउँदो संविधानसभाको निर्वाचनमा प्रयोग गर्ने गरी पुनर्गठन गरीएको हुनाले एमाओवादीको भातृ संगठन वाइसीएल र नेकपा एमालेको युथफोर्सकै कारण निर्वाचनमा भिडन्त हुन सक्ने सम्भावना बढेर गएको छ ।

नेकपा एमालेको भातृ संगठन युथफोर्समा रहेका प्रायः सबै सदस्यहरू दुबै संघमा आवद्ध रहेका छन् । युथफोर्सको संयोजकमा चन्द्र लामा र उपसंयोजकमा ध्रुव आचार्यलाई सर्वसम्मत ढगले चुनेको छ । उक्त फोर्समा संख्या ७५मा सीमित गर्ने कि एकसय पुऱ्याउने भन्ने विषयमा पार्टीका शिर्ष नेताहरूसँग परामर्श भई रहेको एक सहभागीले बताएका छन् । युवा संघको कार्यकर्ता भेलालाई पार्टी अध्यक्ष झलनाथ खनाल पार्टी नेता केपी ओली, महासचिव ईश्वर पोखरेल, सचिव शंकर पोखरेल लगायतका अन्यनेताहरूले सम्बोधन गर्दै कार्यकर्तालाई जसरी भएपनि आउँदो संविधानसभाको निर्वाचनमा नेकपा एमालेलाई सबैभन्दा ठूलो पार्टी बनाउन निर्देशन दिएका थिए ।

बन्दसत्रलाई सम्बोधन गर्दै महासचिव पोखरेलले युथफोर्स एमालेको मेरूदण्ड भएको उद्घोष गर्दै आजकै दिनबाट युथफोर्स सकृय भएको घोषण गर्दछ भन्ने अभिव्यात्ति दिदैँ आजबाट गलतकार्य रोक्न युथफोर्सका सबै कार्यकर्तालाई गाउँगाउँ खटिन निर्देशन दिएका थिए । २०६५ सालमा गठन भएको युथफोर्सको व्यापक आलोचना भएपछि पार्टीको महाधिवेशन फागुनबाट त्यसलाई निष्कृय गरीएको थियो । महाधिवेशनबाटै निष्कृय पारीएको युथफोर्सलाई एउटा कार्यकर्ता भेलाबाट सकृय बनाइनुले एमाले विधि विधान अनुसार सञ्चालन नभएको पार्टी रहेछ भन्ने प्रमाणीत भएको छ । युवासंघको बन्द सत्रमा संघका अध्यक्ष महेश बस्नेतले आउँदो संविधानसभाको निर्वाचन परिचालन अभियान र महासचिव राजीव पहारीले संगठनिक प्रतिवेदन पेश गरेका थिए । उक्त भेलामा देशभरबाटै ७ सय ७६ प्रतिनिधिहरूको सहभागीता रहेको थियो । नेकपा एमालेले फेरी युथफोर्स पुनर्गठन गरेकोमा एमाओवादीले कुनै प्रतिकृया दिएको छैन तर नेपाली कांग्रेसले भने त्यसप्रति आपत्ति जनाएको बुझिएको छ ।

## खिलराज...

जस्तो संविधान लेखिने छ । न्यायमूर्ति खिलराज रेग्मी मुलुकप्रति अन्याय गर्न उक्सिएका छन् । राष्ट्रघाती बन्न तयार भएका छन् । यस्ता व्यक्ति देशका प्रधानन्यायाधीश कसरी बने होलान् ?

आफू अनुकूल जे गर्न पनि सहमतिबाट संविधान संशोधन गर्न सकिने सिन्डिकेट र सरकार देशमा निर्वाचनको वातवारण बनाउन भन्दा भाँड्न तयार हुनुले मंसिर ४ को निर्वाचनमा न्यायमूर्ति, अन्यायमूर्तिको रूपमा देखिने भएका छन् । खिलराज नेपालको इतिहासमै सबैभन्दा ठूलो दुर्भाग्य बन्न पुगेका छन् ।

## राजदूतहरूलाई...

निर्वाचन आयोगलाई तीब्र रूपमाा काम अघि बढाउन सुझाव दिएका छन् । तर असन्तुष्टसँगको वार्ता कायमै रहेकोले चुनाव मंसिर ४ मै हुन्छ ? शान्तिपूर्ण र निष्पक्ष हुन्छ ? स्थिति स्पष्ट छैन ।

## दाहाल कुर्लिए...

हुँदै नभएको अधिकार प्रयोग गरेर हिन्दूहरूको पवित्र तिर्थस्थल श्री पशुपतिनाथ मन्दिरको मुल भट्टमा आफ्नो पार्टीका एक कार्यकर्तालाई नियुक्ति गर्ने तिनै दाहाल हुन् । त्यसबेला नियुक्तीको व्यापक विरोध भएपछि दाहाल उक्त नियुक्ती बदर गर्न वाध्य भएका थिए । त्यसै गरी खेलकूद परिषद् लगायत अन्य विभिन्न क्षेत्रमा हस्तक्षेप गरेर दाहालले आफ्नो सक्कली अनुहार नेपाली जनताबीच देखाइसकेका छन् ।

एमाओवादीकै नेता डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले समेत जनताको पक्षमा कुनै ठोस कार्यात्रम गर्न सकेको थिएन । १८ महिने डा. बाबुराम भट्टराईको शासनकालमा भ्रष्टचार ढिलासुस्ती र आफ्ना मान्छे राम्रा भन्ने सिद्धान्तलाई अघिसारेर सरकार अगाडी बढेको हुनाले सर्वोच्च अदालतले भट्टराइ सरकारले गरेका ६८ वटा निर्णयहरू खारेज गरी दिएको थियो । अहिले त्यही पार्टीका नेताहरूले जनतालाई झुक्याउनको लागि अनेक प्रकारका झुट्टा आश्वासनहरू दिएका र त्यही आश्वासनको भरमा नेपाली जनता परेको खण्डमा फेरी मुलुकमा एक दलिय अधिनायकवादी तानाशाही लादिन सक्ने अवस्थाबाट जनता सजग हुनै पर्छ ।

आफ्नै पार्टीमा रहेका व्याक्तिहरूलाई समेत पाखा लगाउने एमाओवादी नेतृत्वले कुनै हालतमा पनि नेपाली जनतालाई एक सूत्रमा बाध्न सक्दैन । जनयुद्धकालमा मारीएका झण्डै १७ हजार निर्दोष नेपाली जनताको परिवारहरूसँग आज सम्म कुनै क्षमा याचना समेत गर्न नसेकेका व्याक्तिलाई वा पार्टीलाई मत दिनु भनेको स्वयम् जनताको अपमान र मताधिकारको दूरूपयोग बाहेक अन्य के हुन सक्छ र ? त्यसतर्फ अब जनता सजग हुनै पर्दछ ।

## मंसिर ४ मै...

नेताहरूलाई भेटेर जसरी भएपनि मंसिर ४ मै निर्वाचन गराउन दबाब दिएकी छिन् । नेपालको दुई दिने भ्रमणमा सिंहले गत भाद्र २९ गते नेपाल आएकी थिइन् । नेपालमाा रहँदा सचिव सिंहले राष्ट्रपति, मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, गृह तथा परराष्ट्रमन्त्री माधव घिमिरे, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभपाति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाललाई भेटेर भारत सरकारको चहाना यस्तो छ भनेर नेताहरूलाई त्यस सम्बन्धमा जानकारी गराएकी थिइन् ।

त्रिभुवन विमानस्थालबाटै सिधै सचिव सिंह कांग्रेस सपभाति सुशील कोइराला निवास पुगेकी थिइन् । केही समय पहिला भारतीय विदेशमन्त्री सलमान खुर्सिद नेपाल आउँदा नेपालका केही पूर्वप्रधानमन्त्रीहरूदेखि लिएर राजनीतिक दलका शीर्ष नेताहरू खुर्सिद बसेको होटल द्वारिकाजमा लामबद्ध भएर खुर्सिदलाई भेट्न पुगेका थिए । यहाँ चुनावको चहलपहल केही मात्रामा बढेको समयमा अहिले विदेशीहरूको नेपाल भ्रमण ह्वात्तै बढेको छ । प्रत्येक दिन विभिन्न मुलुकका उच्चतहका नेताहरू यहाँ आउने क्रम बढेको र ती सबैले राजनीतिक दलका शीर्ष नेताहरूलाई भेट्ने गरेका हुनाले नेपालमा संविधानसाको निर्वाचनमा नेपाली जनताको भन्दा विदेशीहरूकै चासो बढी हुँदै गएको प्रमाणित भएको छ । संविधानसभाको दोस्रो निर्वाचनमा कसरी हुन्छ आफ्नो प्रभुत्व र उपस्थिति जनाउने भन्ने प्रमुख उद्देश्यका साथ विदेशी उच्च तहका व्यक्तिहरू नेपाल आउने क्रमले गर्दा नेपाल अहिले विदेशीहरूको चलखेल गर्ने प्रमुख केन्द्र विन्दू नै बनेको छ ।

भारतबाट नेपाल आउने उच्चस्तरीय भ्रमण टोलीले पछिल्लो समयमा बत्तिसपुतलीमा रहेको होटल द्वारिकाजलाई आफ्नो अखडा बनाउँदै आएको छ । भारतीय जुनसुकै तहका नेताहरू नेपाल आएपनि त्यही होलटमै बस्ने गरेका र त्यही होटलमा रहेर नेपाली नेताहरूलाई नीति निर्देशन दिने गरेका छन् । केही समय पहिला भारतीय विदेशमन्त्री सलमान खुर्सिदले त्यही होटलमा बोलाएर नेपालका पूर्वप्रधानमन्त्रीहरू र दलका शीर्षनेताहरूलाई भेटेका थिए । एमाले अध्यक्ष झलनाथ खनाललाई भारत भ्रमणको निम्तो हस्तान्तरण गरेको समेत सिंहले बताएकी छिन् । खनाललाई भारतीय प्रधानमन्त्री मनमोहन सिंहले भारत भ्रमणको निम्तो सविच सिंह मार्फत् पठाएका थिए ।

## निर्वाचनको...

निर्वाचन भाँड्ने रणनीति लिएको भन्दै हतारमा सेना परिचालनको निर्णय लिएपछि म्यादी प्रहरी भर्ना गर्ने निर्णय अन्यौलमा परेको छ ।

यसैबीच असोज ९ र १० गते नेपाल बन्द गर्ने, उम्मेदवारी दर्ता गर्न नदिने, उम्मेदवारको अपहरण गर्ने (सिपी गजुरेलले मंगलबार रिपोटर्स क्लबमा बोलेको) सम्मको निर्णय गरेपछि त्यस्ता क्रियाकलापलाई अतिवादी र आतंककारी घोषणा गर्ने तयारी खिलराज सरकारले सुरु गरिसेको छ ।

## ज्यानमारा पनि...

मन्त्रिपरिषद्मै फिर्ता पठाएका थिए । अहिले सर्वस्वसहितको निर्णय सुनाउने व्यक्ति नै कार्यपालिकाका प्रमुख भएको बेला उनलाई चुनौती दिन एमाओवादीले ढुंगेललाई प्रत्यक्ष तर्फको उम्मेदवार बनाएकोमा रेग्मीले एक शब्दसम्म बोल्न सकेका छैनन् ।

निर्वाचन आयोगले समेत त्यस विषयमा कुनै प्रतिक्रिया हालसम्म दिएको छैन । निर्वाचन आयोगले र नेपालको अन्तरिम संविधानले नै निर्वाचनमा उम्मेदवार हुने योग्य र अयोग्यहरूको व्याख्या गरेको अवस्थामा न्यायको अन्तिम व्याख्या गर्ने अदालतको रूपमा रहेको सर्वोच्च अदालतको निर्णयलाई चुनौती दिँदै अपराधी घोषित भएका व्यक्तिलाई उम्मेदवार घोषणा गर्नुले एमाओवादी के चाहन्छ भन्ने प्रष्ट भएको छ । ज्यान मारेको अभियोग प्रमाणित भएका व्यक्ति उम्मेदवार बनाइएपछि एमाओवादी कानुनी शासन होइन विधिको उल्लङ्घन गर्दै अपराधीहरूकै पक्षमा रहेको के प्रमाणित हुँदैन र ? ओखलढुंगाका उज्जनकुमार श्रेष्ठको हत्यामा संलग्न भएको र सर्वोच्च अदालतले दोषी प्रमाणित गरिसकेका व्यक्तिलाई उम्मेदवार घोषणा गर्नुले राजनीतिमा अपराधीकरण गर्न खोज्नुबाहेक अन्य के हुन सक्छ ? त्यस्ता अपराधीहरूबाट निर्माण गरिने संविधान पनि अपराधीहरूकै संरक्षणका लागि हुँदैन भनेर कसरी जनताले विश्वास गर्ने ? निर्वाचन आयोगले जारी गरेको निर्वाचन निर्देशिकामा समेत अपराधमा संलग्न भएका, दोषी प्रमाणित भएर जेल जीवन विताएका व्यक्तिहरू ६ वर्षसम्म निर्वाचनमा उम्मेदवार हुन नपाउने व्याख्या गरिएकोमा ज्यान मारेको अभियोग प्रमाणित भइ सर्वस्वसहित जन्मकैदको सजाय पाएका व्यक्तिलाई निर्वाचनमा उम्मेदवार बनाउने पार्टी र उम्मेदवार हुने व्यक्ति दुवै उत्तिकै अपराधी भएको हुनाले त्यस्ता अपराधीहरूलाई अब जनताले नै पक्राउ गरेर प्रहरी प्रशासनलाई बुझाउनु पर्ने र यदि प्रहरी प्रशासनले जिम्मा लिन नमानेको खण्डमा जनताले नै कारबाही गर्नुपर्ने अवस्था एमाओवादीले सिर्जना गरेको छ । भोलि तिनै ढुंगेलले आफूलाई भोट नदिएको भन्दै ज्यान मारेमा त्यसको जिम्मवारी कसले लिने ? रेग्मी सरकार, निर्वाचन आयोग वा एमाओवादीले ? अदालतबाट सजाय पाएका व्यक्तिलाई उम्मेद्वार बनाउने एमाओवादीको नियत ?

## बन्दको नाममा...

आफ्ना कार्यकर्ताहरू सडकमा उतारेको थियो । सडकमा नेकपा-माओवादीका केन्द्रीय नेताहरू समेत उपस्थित भएपनि उनीहरूले बसमा आगो लगाउने कार्यकर्ताहरूलाई रोक्ने प्रयास समेत गरेका थिएनन् । बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताहरूले सञ्चारकर्मीहरूलाई समेत आक्रमण गरेर अतिवादी व्यवाहार प्रदर्शन गर्नुले ३३ दलिय मोर्चा के चाहान्छ भन्ने प्रष्ट भएको छ ।

बन्दकर्ताहरूको ज्यादती देखेपछि बनेपावासीहरू बन्दको प्रतिकारमा उत्रिए पछि बन्दकर्ताहरू हातमा रड लिएर सडकमा आएपछि प्रहरीले बन्दकर्ताहरूलाई लखेटेको थियो । स्थानिय प्रहरी प्रशासनले भरपर्दो शान्ति सुरक्षा मिलाउन नसकेकै कारण बसमा आगो लगाएका प्रत्यक्षदर्शीले बताएका छन् । चोकमा बसमा आगो लगाउँदा पनि त्यसलाई नियन्त्रण गर्न प्रहरी प्रशासन असमर्थ भएको बनेपावासीहरूको भनाइरहेको छ । यसरी बन्दकर्ताहरूले अतिवादी चरीत्र प्रदर्शन गरेको भन्दै दोलखामा समेत बन्दको प्रतिकार भएको हाम्रा सम्वादाताले बताएका छन् ।

छोरा छोरी दुवै बराबरी हुन्, त्यसैले दुवैलाई स्कुल पठाऔं ।

## वार्ता र आन्दोलन सँगसँगै : ३३ दल

काठमाडौं । चार दलीय मोर्चासँगको वार्तामा सहमति जुट्न नसकेपछि करिब-करिब ४ मंसिरको चुनावी प्रक्रियाबाट बाहिरिएका असन्तुष्ट ३३ दलले अब सडक आन्दोलन तताउने भएका छन् । वार्ताको ढोका खुलै राखेर आन्दोलनमा जाने उनीहरूको तयारी छ ।

तत्कालका लागि पूर्वनिर्धारित आन्दोलनका कार्यक्रम सफल पार्ने र त्यसपछि दोस्रो चरणमा थप कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चाको तयारी छ । यसअघि भदौ मसान्तसम्म चुनाव बहिष्कारका लागि प्रचारात्मक आन्दोलन जारी राखेको मोर्चाले संविधानसभाको निर्वाचनका लागि उम्मेदवार मनोनयनका दिनसम्मका लागि संघर्षका कार्यक्रम तय गरेका छन् ।

मोर्चाले ९ र १० असोजमा नेपाल बन्द आह्वान गरेको छ भने त्यसअघि विभिन्न जिल्लामा जनसभाका कार्यक्रम राखिएको छ । निर्वाचन आयोगले १० असोजमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्ने दिन तय गरेको छ ।

सोमबार प्रमुख दलहरूसँगको वार्ता भाँडिएपछि मंगलबार बसेको मोर्चाको बैठकले वार्ता र आन्दोलन सँगसँगै अगाडि बढाउने आफ्नो पूर्ववत् निर्णयलाई कायमै राखेका छन् । 'यस स्थितिमा संविधानसभाको कथित दोस्रो निर्वाचन बहिष्कार, आन्दोलनलाई एकातिर प्रभावकारी ढंगले अगाडि बढाउने र अर्कोतिर अझै पनि वार्ताको ढोकालाई खुलै राख्ने नीति अवलम्बन गर्ने हाम्रो प्रतिबद्धता यथावत् छ,' मोर्चाको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा नेकपा-माओवादीका सचिव देव गुरूङले भने ।

मोर्चाले असहमतिको मुख्य विषय प्रधानन्यायाधीशको राजीनामा रहेको जनाएको छ । 'निर्दलीयता र निरंकुश प्रणालीका रूपमा स्थापना गरिएको प्रधानन्यायाधीशको राजीनामा गराई सहमति र निर्वाचनको मार्गप्रशस्त गरिनुको सट्टा चार दलका नेताहरूले प्रधानन्यायाधीशलाई बोकेर लोकतन्त्र, दलीय व्यवस्था र विधिको शासनलाई विस्थापन गरिएको मात्र होइन, राष्ट्रिय राजनीतिक सहमति र द्वन्द्व व्यवस्थापनलाई समेत तिलाञ्जली दिइएको छ,' पत्रकार सम्मेलनमा जारी विज्ञप्तिमा भनिएको छ, 'प्रधानन्यायाधीशको राजीनामाको सवालमा सहमत भएको भए निर्वाचन प्रणाली र निर्वाचनको मितिलगायतका सबै प्रस्तावित विषयमा छलफल हुन सक्थ्यो, तर प्रधानन्यायाधीशले राजीनामा दिन मान्नुभएन भनी चार दलका नेताहरू प्रधानन्यायाधीशको राजीनामाबारे निर्णय गर्न तयार भएनन् ।'

पत्रकार सम्मेलनमा नेकपा-माओवादीका सचिव गुरूङले देशको राजनीतिको तालाचाबी प्रमुख चार दलको हातमा नरहेकै कारण सहमति बन्न नसकेको भन्दै आफूहरू बाध्य भएर चुनाव बहिष्कारमा जानुपरेको बताए । उनले तत्कालका लागि मोर्चाले यसअघि नै तय गरेका आन्दोलनमा जाने र त्यसपछि नयाँ चरणका संघर्षका कार्यक्रम अगाडि बढाउने निर्णय भएको जानकारी दिए ।

'देशको तालाचाबी चार दलको हातमा देखिएन, यो प्रायोजित चुनाव हो, हामी यसमा सहभागी हुँदैनौं,' पत्रकार सम्मेलनमा गुरूङले भने, 'राष्ट्रिय स्वाधीनताको रक्षाविना सहमति हुँदैन, राष्ट्रियता स्वाधीनताको पक्षमा सहमति भयो भने चुनाव पनि हुन्छ, हामी पनि सहभागी बन्छौं, संविधनसभाबाटै संविधान जारी गर्नुपर्छ भन्ने हाम्रो पनि मान्यता छ ।' गुरूङले विदेशी डिजाइनमा चलेका चार दलले राजतन्त्र र पञ्चायतका विरोध गर्ने हैसियतसमेत गुमाएको आरोप लगाए । सहमतिमा नआएर चार दलले गम्भीर गल्ती गरेको मोर्चाको भनाइ छ । 'निर्वाचनमा सहभागी हुन खोजिरहेको ३३ दलीय मोर्चालाई प्रधानन्यायाधीशको राजीनामा अस्वीकार गरेर असहमतिको दिशामा धकेल्ने काम चार दलका नेताहरूले जसरी गरे, त्यो गम्भीर ऐतिहासिक भूल हो । बृहत् शान्तिसम्झौताको प्रमुख हिस्सेदारसँगको सहमतिलाई अस्वीकार गर्नु भनेको फेरि पनि बृहत् शान्तिसम्झौताको गम्भीर उल्लंघन हो,' विज्ञप्तिमा भनिएको छ, 'र त्यसबाट विगतको द्वन्द्व व्यवस्थापन हुन नसक्ने मात्र होइन अरु थप द्वन्द्व निम्त्याउनु हो ।'

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार